महालेखापरीक्षकको
वार्षिक प्रतिवेदन
२०७९
बर्दघाट नगरपालिका
नवलपरासी

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

दूरदृष्टि (Vision)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था ह'ने ।

(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)

गन्तव्य (Mission)

देशमा स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।

(Provide Independent and Quality Audit Service to the Nation)

मूल्य मान्यता (Core Values)

स्वतन्त्रता	(Independence)
निष्ठा	(Integrity)
पारदर्शिता	(Transparency)
जवाफदेहिता	(Accountability)
व्यावसायिकता	(Professionalism)

महालेखापरीक्षकको भनाइ

नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानून बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । उल्लिखित संवैधानिक तथा कानुनी व्यवस्था एंव नेपाल सरकारी लेखापरीक्षणमान, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा यस स्थानीय तहको २०७७/७८ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिताका पक्षबाट विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गर्नु तथा सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ ।लेखापरीक्षणमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा, कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जवाफदेहिता एवं पारदर्शिता, सेवा प्रवाह लगायतका विषयहरुको मूल्याङ्कन गरिएको छ ।

लेखापरीक्षणमा मूलतः आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण तथा स्रोत व्यवस्थापन, आय सङ्कलन, राजस्व छुट, बजेट अनुशासन, वर्षान्तको खर्च, खरिद व्यवस्थापन, अनुत्पादक तथा वितरणमुखी खर्च, योजना प्राथमिकीकरण, आयोजना छनोट, उपभोक्ता समितिबाट भएका निर्माण कार्य, दीर्घकालीन विकासका खाका तर्जुमा लगायतका व्यहोरा औंल्याइएको छ ।

लेखापरीक्षणबाट स्थानीय तहमा आवश्यक अनुभवी र दक्ष जनशक्तिको कमी रहेको, सेवा प्रवाहमा अपेक्षित सुधार हुन नसकेको, स्रोत, साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, सञ्चालित योजना, कार्यक्रम, सेवा प्रवाहको यथार्थ रुपले अभिलेख नराखेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहनुका साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ। स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फस्यौंट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू सुधार गरी गत विगतका बेरुजू उपर आवश्यक कारवाही गरी वित्तीय अनुशासन हुने व्यवस्था मिलाउनुपर्दछ ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको छ । लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीबाट स्थानीय तहका पदाधिकारीहरूसँग छलफल समेत गरिएको छ। लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरू सबैलाई धन्यवाद ज्ञापन गर्दछु ।

(टंकमणि शर्मा दंगाल)

२०७९ आषाढ **महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
बबरमहल, काठमाण्डौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal
प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय
(लुम्बिनी प्रदेश)

पत्र संख्याः २०७८।७९
च.नं. : २०२

मितिः २०७९।३।२४

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री प्रमुखज्यू,
बर्दघाट नगरपालिका, नगर कार्यपालिकाको कार्यालय,
नवलपरासी ।

कैफियत सहितको राय

हामीले बर्दघाट नगरपालिकाको आर्थिक वर्ष २०७७/७८ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०७८ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७७/७८ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

कैफियत सहितको राय व्यक्त गर्ने आधार

१. बर्दघाट नगरपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्णरुपमा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन ।

२. लेखापरीक्षणबाट रू.२ करोड ४५ लाख ७२ हजार बेरुजू देखिएको छ। सोमध्ये मिति २०७९/०३/१४ मा प्राप्त प्रतिक्रियाबाट रू. ३ लाख ७७ हजार फस्यौंट भई बाँकी बेरुजू असुल गर्नुपर्ने रू.२७ लाख ७५ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू.१ करोड ७७ लाख ४० हजार, नियमित गर्नुपर्ने रू.२४ लाख ३२ हजार र पेश्की रू.१२ लाख ४८ हजार रहेको छ ।पालिकाको गतवर्ष रु.९ करोड ८४ लाख ७३ हजार बेरुजू बाँकी रहेकोमा यसवर्ष समायोजन र सम्परीक्षणबाट फछ्र्यौट एवं यो वर्ष कायम भएको बेरुजू समेत हालसम्मको अद्यावधिक बेरुजू रु.१० करोड ३८ लाख ८३ हजार रहेको छ । बर्दघाट नगरपालिकाको **बेरुजू वर्गीकरण र अद्यावधिक बेरुजू स्थिति यसैसाथ संलग्न छ ।**

३. बर्दघाट नगरपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्यअनुसार नभएको, कर्मचारीको दरबन्दीअनुसार पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको छ।कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।

४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ।नगरकार्यपालिका, नगरप्रमुख र प्रमुख प्रशासकीय अधिकृत नगरपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूतरूपमा गलत आँकडा रहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

(नारायण मरासिनी)
नायब महालेखापरीक्षक

Phone: 4258174, 4266034, 4255707, A.G. Fax: 977-1-4268309, Fax: 977-1-4262798, Post Box: 13328
email: aag.mgmt@oagnep.gov.np Web Page: www.oagnep.gov.np

"जनहितका लागि जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्धनमा विश्वसनीय लेखापरीक्षण संस्था"

बर्दघाट नगरपालिका

बेरुजु वर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)
२०७७।७८

(रु. हजारमा)

प्रारम्भिक बेरुजु			प्रतिक्रियाबाट फछ्र्यौट			बाँकी बेरुजु			बेरुजु						
दफा संख्या			दफा संख्या			दफा संख्या			असुल गर्नुपर्ने	नियमित गर्नुपर्ने					पेस्की
सैद्धान्तिक	लगती	रकम	सैद्धान्तिक	लगती	रकम	सैद्धान्तिक	लगती	रकम		अनियमित भएको	प्रमाण कागजात पेश नभएको	राजस्व लगत जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा	
३६	८८	२४५७२	०	२६	३७७	३६	६२	२४१९५	२७७५	२४३२	१७७४०	०	०	२०१७२	१२४८

अद्यावधिक बेरुजू स्थिति
२०७७।७८

(रु. हजारमा)

जिल्ला	गत वर्ष सम्मको बाँकी	समायोजन	यो वर्षको फछ्र्यौट	बाँकी बेरुजू	यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु	यो वर्षको बेरुजु	कुल बेरुजु बाँकी
बर्दघाट नगरपालिका नवलपरासी	९८४७३	०	१८७८५	७९६८८	०	२४१९५	१०३८८३

आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०७७/७८

कार्यालय र स्थान : बर्दघाट नगरपालिका, नवलपरासी , बरदाघाट नगरपालिका , नवलपरासी पश्चिम भाग

पद	**नाम**	**कार्यकाल सुरु मिति**	**कार्यकाल समाप्त मिति**
कार्यालय प्रमुख	मेधनाथ पाध्या	२०७७-४-१	हाल सम्म कार्यरत
लेखा प्रमुख	विष्णु लाल पुरी	२०७७-४-१	
		बेरुजु रकम	२४,५७२,२४०

स्थानीय तह :

https://nams.oag.gov.np

गत बर्षको जिम्मेवारी		१९,३५,७४,५८८.८७	
आम्दानी		**खर्च**	
संघीय सरकारबाट अनुदान	५५,८१,०७,५००	**चालु खर्च**	५८,७२,७७,६४२.५६
प्रदेश सरकारबाट अनुदान	५,०७,३०,०००	**पूँजीगत खर्च**	४६,१७,३५,४८४
राजश्व बाँडफाँट	१६,९९,८२,६१२.९१	**वित्तीय/अन्य व्यवस्था**	९,०७,९९,५६७.७५
आन्तरिक आय	३,८९,८५,५९२.५६		
अन्य आय	२८,४०,८८,९४१.७१		
कुल आय	१,१०,१८,९४,६४७.१८	**कुल खर्च**	१,१३,९८,१२,६९४.३१
बाँकी मौज्दात		१५,५६,५६,५४१.७४	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
१			**ले.प.को क्रममा असुलीः** लेखापरीक्षणमा आँल्याईएपछि विभिन्न मितिमा कर्मचारीहरुले बैठक भत्ता तथा अनुगमन मुल्याङ्कन वापत दोहोरो पर्ने गरी खर्च लेखेको रु.42500/- लेखापरीक्षणको क्रममा असुल भएको छ ।	
२			**परिचय** स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस बर्दघाट नगरपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवद्र्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु बर्दघाट नगरपालिकाको उद्देश्य रहेको छ । यस बर्दघाट नगरपालिका अन्तर्गत १६ वडा, ८५ सभा सदस्य, १८०.९८वर्ग किलोमिटर क्षेत्रफल तथा ६१ हजार ४७२ जनसंख्या रहेको छ।	
३			**स्थानीय संचित कोष** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६९ र ७२ बमोजिम यस नगरपालिकाले वित्तिय हस्तान्तरणबाट प्राप्त अनुदान तथा सहायता, आन्तरिक आम्दानी र स्थानीय सरकारबाट सञ्चालन भएको आयोजनाहरु समेतको आयव्यय हिसाबको आर्थिक वर्ष 2077।78 को समग्र संचित कोषको संक्षिप्त अवस्था निम्नबमोजिम रहेको छ।	

स्थानीय संचितकोष व्यवस्थापन प्रणाली(SuTRA) मा समावेश भएको आर्थिक कारोबारको स्थिति:				
आ.व.:2077/078 सुत्र म.ले.प. फाराम 272				
आ.व.2077/78 को प्राप्ती भुक्तानी हिसाव				
विविरण	बजेट	आफैले गरेको प्राप्ति/भुक्तानी	बस्तुगत/सोझै भुक्तानी	जम्मा
प्राप्ती (क+ ख)	854268749	849426957.47	0	849426957.5
क. प्राप्ति	794024840	769155683.47	0	769155683.5
11000 कर	146266570	185248778.31	0	185248778.3
13000 अनुदान	612253270	561125498	0	561125498
संघीय सरकार	559123270	512982498	0	512982498
प्रदेश सरकार	50730000	45766000	0	45766000
जनसहभागिता	2400000	2377000	0	2377000
14000 अन्य राजस्व	35505000	22781407.16	0	22781407.16
ख. अन्य प्राप्ति	60243909	80271274	0	80271274
कोषहरु	60243909	70434188	0	70434188
धरौटी	०	9837086	0	9837086
भुक्तानी (ग+घ)	1106068749	904321378.01	0	904321378
ग. भुक्तानी (संचित कोषबाट)	1045824840	863911041.26	0	863911041.3

21000 पारिश्रमिक सुविधा	264559270	248286137.85	0	248286137.9
22000 मालसमान तथा सेवा	161731223	120785627.06	0	120785627.1
व्याज सेवा शुल्क	1000000	1000000	0	1000000
25000 सहायता	31768500	29422163	0	29422163
27000 सामाजिक सुरक्षा	15052070	12625642	0	12625642
28000 अन्य खर्च	6700000	4998867.35	0	4998867.35
31000 गैर वित्तीय सम्पत्ती / पूँजीगत खर्च	565013777	446792604	0	446792604
घ. अन्य भूक्तानी	60243909	40410336.75	0	40410336.75
कोषहरु	60243909	36064547.6	0	36064547.6
घरौटी	०	4345789.15	0	4345789.15
ङ,)यो वर्षको बचत (न्यून)	-251800000	-54894420.54	0	-54894420.54
च) गतवर्षको जिम्मेवारी रकम अल्या		206368115.2	0	206368115.2
वर्षान्तको वाँकी रकम (ङ +च)	-251800000	151473694.62	0.00	151473694.62
बैंक तथा नगद वाँकी		150339081.62	0.00	150339081.62
स्थानीय संचितकोष व्यवस्थापन प्रणाली(SuTRA) मा समावेश नभएको आर्थिक कारोबारको स्थिती:				

			ब.उ.सि.न.	कार्यक्रमको नाम	बजेट	निकासा	खर्च	
			365001043	स्थानीय पूर्वाधार	20200000	14942880	14942880	
			314010123	सामाजिक सुरक्षा	171648000	171648000	171648000	
			जम्मा		191,848,000.00	186,590,880.00	186,590,880.00	

४			**वित्तीय कारोवारको परीक्षण गर्दा देखिएका प्रमुख व्यहोराहरु यस प्रकार छन्:-** कार्यालयले आर्थिक कारोवार संचालन गर्दा सूत्रको प्रयोग गरी आफ्नो कार्यालयबाट संचालन भएको सम्पूर्ण आर्थिक कारोवार (सामाजिक सुरक्षा भत्ता, पूर्वाधार विकास कार्यक्रम, पंजिकरण कार्यक्रम, बहुक्षेत्रिय पोषण कार्यक्रम आदी) सूत्रमा प्राविष्टि गरी सो अनुसार म.ले.प.फा.नं 272,275 र सो अनुसार सहायक अनूसूची-1 देखी 23 सम्म तयार गरी वित्तीय विवरण प्रस्तुत गर्नुपर्नेमा संघीय स्रोतको C-Gas बाट निकासा भएको सामाजिक सुरक्षा, स्थानीय पूर्वाधार, गरिवसँग विशेश्वर कार्यक्रम सुत्रमा समावेश नगरेकोले कार्यालयले तयार गरेको प्राप्ती र भुक्तानीको वित्तीय विवरण (म.ले.प.फा.नं.272) ले सबै आर्थिक कारोवारको चित्रण गर्न सकेको छैन। यर्थाथ चित्रण हुन नसकेको अवस्था निम्नानुसार देखिँदा त्यसमा सुधार गर्नुपर्ने देखिन्छ: Øप्राप्ती र भुक्तानी विवरण (म.ले.प.फा.नं.२७२) मा सामाजिक सुरक्षा लगायत Cgas बाट निकासा हुने रकम समावेश नभएको, Øगत वर्ष प्राप्ती र भुक्तानीको विवरणले रु.28,71,55,802.65 बाँकी मौज्दात देखाएकोमा सोही मौज्दात यो वर्ष म.ले.फा.नं. 272 मा अ.ल्या. देखाउनु पर्नेमा गतको मौज्दातबाट सशर्त बाँकी रकम संघीय संचित कोष फिर्ता गरेको घटाई जिम्मेवारी सारेकोले यथार्थ खर्च एकीन हुन सक्ने आधार भएन। Øम.ले.प.फा.न.272 ले संचितकोषमा आम्दानी रु.84,94,26,957.47 देखाएको छ भने अनुसूची १० ले रु.77,00,93,703.47 देखाएबाट रु.7,93,33,254/- फरक देखिएको छ। फरक पर्नुको कारण स्पष्ट गरेको छैन। सो स्पष्ट गर्नुपर्दछ। Øम.ले.प.फा.न.272 ले कुल प्राप्ती रु.84,94,26,957.47 देखाएको छ भने कार्यालयले लेखापरीक्षणको क्रममा उपलब्ध गराएको वित्तीय विवरणमा गतवर्षको मौज्दात घटाई रु.1,10,18,94,647.18 देखाएबाट रु.25,24,67,689.71 फरक देखिएको छ। फरक पर्नुको कारण स्पष्ट गरेको छैन। पालिकाले सम्पूर्ण प्राप्ती र भुक्तानीलाई म.ले.प. फाराम 272 मा समावेश गर्नु पर्दछ। म.ले.प.फा.न.272 ले वर्षान्तसम्मको मौज्दात रु.15,14,73,694.62 देखाएको छ भने अनुसूची १० ले रु.9,97,57,251.08 देखाएबाट रु.5,17,16,443.54 फरक परेकोले सुत्रको आर्थिक विवरणले यथार्थ खर्चको चित्रण गर्न सक्ने देखिएन।	
५			**शिक्षा तर्फ**	
५.१			राष्ट्रिय शिक्षा नीति, २०७६ मा विद्यालय शिक्षालाई गुणस्तरयुक्त बनाउन स्थानीय तहबाटै नियमित अनुगमन, निरीक्षण र सुपरिवेक्षण गरी सार्वजनिक विद्यालयको शैक्षिक गुणस्तरको मापन गरी अनुगमन मुल्याङ्कन प्रतिवेन सार्वजनिक गर्नुपर्ने व्यवस्था रहेको छ । नगरपालिकाले सार्वजनिक विद्यालयको शैक्षिक गुणस्तर पापन मापदण्ड तयार गरी अनुमगन मुल्याङ्कन प्रतिवेदन तयार गरेको छैन । यस सम्बन्धी निम्नानुसार व्यहोरा रहेका छन्	

			सार्वजनिक विद्यालयको शैक्षिक गुणस्तरको मापन मापदण्ड बनाएको छैन । मापदण्ड बमोजिम अनुगमन गरेको छैन । अनुगमन मूल्याङ्कन प्रतिवेदन तयार गरेको छैन । प्रतिवेदन सार्वजनिक गरेको छैन । तसर्थ नगरपालिकाले सार्वजनिक विद्यालयको शैक्षिक गुणस्तर पापन मापदण्ड तयार गरी अनुमगन मुल्याङ्कन प्रतिवेदन तयार गर्नु पर्दछ ।		
५.२			राष्ट्रीय शिक्षा नीति, 2076 मा संघीय सरकारले तर्जुमा गरेको मापदण्ड र कार्यविधिका आधारमा निजी लगानीका विद्यालयहरुको स्थानीय सरकारबाट प्रभावकारी नियमन गरी पाठ्यक्रम तथा पाठ्यपुस्तक, शिक्षकको सेवा शर्त तथा सुविधा, शुल्कको सीमाको पालना, आर्थिक कारोबारमा पारदर्शिता र भौतिक पूर्वाधारहरुको स्थिति समेत एकिन गर्न निजी विद्यालय व्यवस्थापन र अनुगमन मापदण्ड निर्धारण गर्नुपर्ने व्यवस्था रहेको छ । नगरपालिकाले निजी विद्यालय व्यवस्थापन र अनुगमन मापदण्ड निर्धारण गरी अनुगमन प्रतिवेदन सार्वजनिक गरेको छैन । यस सम्बन्धी थप व्यहोरा निम्नानुसार रहेका छन् निजी विद्यालय व्यवस्थापन र अनुगमन मापदण्ड निर्धारण गरेको छैन । मापदण्ड बमोजिम अनुगमन गरेको छैन । निजी विद्यालय शुल्क निर्धारण तोकिए बमोजिम गरेको छैन । शुल्क निर्धारण र त्यसको कार्यान्वयनको अनुगमन गरेको छैन । अनुगमन प्रतिवेदन सार्वजनिक गरेको छैन । अतः नगरपालिकाले विद्यालय व्यवस्थापन र अनुगमन मापदण्ड निर्धारण गरी निजी विद्यालयहरुको अनुगमन गर्नु पर्दछ ।		
५.३			नगरपालिकाले बिद्यालय भौतिक पूर्वाधार विकास कार्यक्रम स्वीकृत गरी तयार गर्नुपर्ने, स्वीकृत कार्यक्रम र सम्झौता अनुसार अनुदान उपलब्ध गराउनु पर्ने र अनुदान निकासा अनुरुप नै पूर्वाधार निर्माण भए नभएको एकिन गर्नुपर्नेमा बिद्यालय भौतिक पूर्वाधार विकास कार्यक्रम स्वीकृत गरेको छैन । कार्यक्रम स्वीकृत गरी सम्झौता गराई अनुदान उपलब्ध गराउने तर्फ पालिकाले ध्यान दिनु पर्दछ ।		
६			**अनुदान खर्च**		

			सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको एकीन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ । तर पालिकाले देहायअनुसार (नमुनाको रुपमा 31 वटा) कृषि, पशु, शैक्षिक सेवा, सामान खरिदमा तथा विभिन्न सहकारी संस्थालाई बीउपूँजी तथा अनुदानमा रु.9260000/- अनुदान खर्च लेखेको छ । तर पालिकाबाट बितरण भएको अनुदानको सहि सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलव्धी मापन गरेको छैन । साथै अनुदान सम्बन्धमा स्थानीय अनुदान नीति तय गरेको छैन । तसर्थ अनुगमनलाई प्रभावकारी वनाई संघ, प्रदेश, नगरपालिका कार्यालय तथा वडा कार्यालयहरु बाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी अनुदानग्राहीको जीबनस्तरमा सुधार आएको यकिन गरी रकमको पूर्ण सदुपयोग गराउनेतर्फ ध्यान दिनुपर्दछ ।	
७			**पदाधिकारी सुविधा**	
७.१			**पदाधिकारी सुविधाः** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ को उपनियम १ मा बजेटको सीमाभित्र रही निर्धारित कार्यमा खर्च गर्नुपर्ने व्यवस्था रहेको र उपनियम ३ मा खर्च गर्दा खर्चको विल भरपाई सहित लेखा राख्नुपर्ने, विल भरपाई आउन नसक्ने काममा खर्च भएको फुटकर खर्चको हकमा खर्च गर्ने कर्मचारीले प्रमाणित गरी अधिकार प्राप्त अधिकारीद्वारा समर्थन गराई लेखा राख्नुपर्ने व्यवस्था छ । सोही उपनियम ३ को स्पष्टिकरणमा फुटकर खर्च भन्नाले एक पटकमा १ हजार रुपैंया भन्दा कम रकमको टेक्सी रिक्सा भाडा कुल्ली खर्च र दक्षिणा भन्ने उल्लेख छ । लुम्बिनी प्रदेशको प्रदेश सभाले बनाएको स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन-२०७६ को दफा ३,४,५,६,७,८ र ९ संग सम्बन्धित अनुसुची अनुसार स्थानीय तहका पदाधिकारीहरुलाई टेलिफोन तथा मोवाइल, पुस्तक पत्रपत्रिका तथा इन्टरनेट,जनसम्पर्क तथा विशेष कार्यसुविधा मर्मत सुविधा अतिथि सत्कार र खानेपानी विद्युत तथा सरसफाई खर्च दिने व्यवस्था गरेको व्यवस्था अनुसार कार्यालयले स्थानीय तहका पदाधिकारीहरुलाई यो वर्ष यातायात सुविधा रु.5526000/-, टेलिफोन तथा मोवाइल रु.2700000/-, पुस्तक तथा पत्रपत्रिका इन्टरनेट रु.2568000/-, जनसम्पर्क विशेष कार्यसुविधा रु.4164000/-, अतिथि सत्कारमा रु. 1308000/-, खानेपानी र सरसफाईमा रु.120000/-, मर्मत संभार विजुलीमा रु.120000/- र बैठक भत्तामा रु.428000/- समेत रु.16964000/- खर्च भुक्तानी गरेको देखियो । कार्यालयले उल्लिखित अनुसारको रु.1,09,80,000/- भुक्तानी गर्दा विल भरपाई नराखी एकमुष्ठ मासिक रुपमा भुक्तानी दिने गरेकोले उदेश्य अनुरुप निर्धारित कार्यमा उपयोग भए नभएको यकिन एवं विश्वस्त हुने अवस्था रहेन । अत उद्वेश्य अनुरुप खर्च भएको विश्वस्त हुन सक्ने खर्चको प्रमाण पेश गरिनु पर्दछ ।	
७.२			**आर्थिक सहायताः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन । तर पालिकाले यस वर्ष विभिन्न ६० जनालाई रु.५,००,०००।	

			आर्थिक सहायता वितरण गरेको र उत्सव दिवश तथा समारोह संचालनमा रु.४१००००/- खर्च गरेको पाईयो। आर्थिक सहायता तथा अन्य अनुत्पादक खर्च लेख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ ।	
८			**कानुन निर्माण एवं कार्यान्वियन**	
८.१			स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट 50 वटा नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म 22 वटा ऐन र 45 वटा नियमावली गरी 67 वटा कानुन निर्माण गरी कार्यान्यिनमा ल्याएको छ । यस पालिकाले सार्वजनिक खरिद नियमावली तयार गरेको छैन् । तसर्थ आवश्यक सवै कानूनहरु तर्जुमा गरी उक्त कानूनहरु राजपत्रमा प्रकाशन गरी कार्यान्वयनमा ल्याउनु पर्दछ ।	
८.२			**न्यायीक समितिः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतबर्ष फछ्यौंट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाकी रहेको 3 र यो बर्ष थप भएको 21 गरी कुल 24 विवाद दर्ता भएकोमा 13 वटा मात्र फछ्र्यौट भई 8 बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फछ्यौंट वा कारबाही किनारा गरी टुङ्गो लगाउनु पर्दछ ।	
९			**खरिद व्यवस्थापन**	
९.१			**चौमासिक पूँजीगत खर्चः** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्यलक्ष्य तथा कर्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कर्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार चौमासिक पुजिगत खर्चको स्थिति देहाय बमोजिम छ । तल उल्लेखित विवरण अनुसार पालिकाले कुल खर्चमध्ये 62.38 प्रतिशत तेस्रो चौमासिकमा र 33.34 प्रतिशत आषाढमा मात्र खर्च भएको देखियो । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ । (खर्च रु. हजारमा)	

			<table><tr><td>खर्च शिर्षक</td><td>कुल खर्च रु.</td><td>प्रथम चौमासिक</td><td>दोस्रो चौमासिक</td><td>तेस्रो चौमासिक</td><td>आषाढ महिना</td></tr><tr><td>चालु खर्च</td><td>417118</td><td>91849</td><td>88912</td><td>236357</td><td>114609</td></tr><tr><td>पूंजीगत खर्च</td><td>446792</td><td>56109</td><td>88110</td><td>302572</td><td>174302</td></tr><tr><td>जम्मा</td><td>863910</td><td>147958</td><td>177022</td><td>538929</td><td>288911</td></tr><tr><td>प्रतिशत</td><td>100%</td><td>17.13%</td><td>20.49%</td><td>62.38%</td><td>33.44%</td></tr></table>	
९.२			**कार्य सम्पन्न प्रतिवेदनः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२५(२) मा कुनै निर्माण कार्य सम्पन्न भई त्रुटी सच्याउने दायित्वको अवधि समाप्त भएपछि प्राविधिक कर्मचारीबाट जाँचबुझ गराई कार्य सम्पन्न प्रतिवेदन तयार गर्नु व्यवस्था छ । यस स्थानीय तहले उल्लिखित कानूनी व्यवस्था बमोजिम त्रुटी सच्याउने दायित्वको अवधि समाप्त भएपछि कार्य सम्पन्न प्रतिवेदन तयार गरेको पाइएन । कानूनी व्यवस्थाको पालना नभएकोले त्यस्तो निर्माण कार्य स्वीकर्त ड्रइङ डिजाइन वा स्पेसिफिकेशन बमोजिम भए नभएको यकिन हुन सक्ने अवस्था देखिएन । साथै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११७ वमोजिम सार्वजनिक निकायले सम्पन्न भएको निर्माण कार्य, आपूर्ती गरिएको मालसामान वा प्रदान गरिएको मालसामान वा प्रदान गरिएको सेवा स्वीकार्दा सोको प्रतिवेदन तयार गर्नुपर्नेमा सो नभएकोले कार्य स्वीकार प्रतिवेदन पेश गर्नु पर्दछ ।	
९.३			**सार्वजनिक परीक्षणः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्तर्गत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था बमोजिमको कार्य भएको पाइएन । सार्वजनिक परीक्षणको अभावमा आर्थिक कारोबारमा जवाफदेहिता र पारर्दशिताको प्रबर्द्धन गर्ने कार्यमा बाधा पर्ने देखिन्छ । कार्यालयले सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई सुनिश्चित हुने गरी कार्य गर्ने तर्फ ध्यान दिनु पर्दछ ।	
१०			**संगठन तथा कर्मचारी व्यवस्थापन**	
१०.१			निजामती सेवा ऐन, 2049 को दफा 7ख2 वमोजिम तलवी प्रतिवेदन पारित गराएर मात्र तलव भत्ता भुक्तानी गर्नुपर्नेमा कार्यालयले तलवी प्रतिवेदन पारित नगरी वर्षभरीमा रु.5,43,48,000/- खर्च लेखेको पाइयो । नगरपालिकाले कार्यरत कर्मचारीहरुको तलब र	

			ग्रेड नगरसभा र नगरकार्यपालिकाको निर्णयबाट पारीत गराई राखेको भएतापनि कोष तथा लेखा नियन्त्रक कार्यालयबाट पारीत गरेको छैन । पालिकाले कर्मचारीहरुको तलब र ग्रेड रकम कोष तथा लेखा नियन्त्रक कार्यालयबाट तलबी प्रतिवेन पारीत गरेर मात्र खर्च लेख्नु पर्दछ ।	
१०.२			**कर्मचारी करारः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी सँगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । तर पालिकाले विभिन्न १३ पदमा ८९ जना कर्मचारीहरू करारमा राखी रु.१,६९,५७,१३८।- खर्च लेखेको छ । त्यसैगरी सोही ऐनको २०७४ को दफा ८३(८) वमोजिम पालिकाले नगर प्रहरी, सवारी चालक, सयश, कार्यालय सहयोगी, पलम्बर, इलेक्टिसियन, चौकिदार, माली, बगैँचे लगायतका पदमा मात्र करारवाट सेवा लिन सकिने व्यवस्था गरेको छ । स्थानीय तहले माथि उल्लेखित पद वाहेकको सहायक चौथो पदको केहि कर्मचारीहरुको माग आकृती फाराम प्रदेश लोक सेवा आयोगलाई पठाएको भएतापनि निम्नानुसार विभिन्न ३ पदमा ७ जना करार नियुक्ति गरी बर्षभरीमा रु.२२,७७,७३०।- तालुक निकाय तथा प्रदेश लोक सेवा आयोगलाई माग आकृती फाराम नपठाई भुक्तानी गरेको अनियमित देखिएको रु.	२,२७७,७३०
११			**आन्तरिक नियन्त्रण प्रणालीः**	
११.१			स्थानीय सरकार सञ्चालन ऐन २०७४, आर्थिक कार्यविधी तथा वित्तीय उत्तरदायित्व कानून तथा पालिकाको कारोवारको आकार, जटिलता तथा संरचना बमोजिम आन्तरिक नियन्त्रण प्रणाली सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसा रहेका छन् स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्नेमा नगरेको, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा नगरेको, पालिकाले एक आर्थिक वर्ष भित्र भएको आर्थिक कारोवारको तोकिएको ढाँचामा वार्षिक प्रतिवेदन तयार नगरेको, पालिकाले कार्यक्रमगत तथा योजनागत खाता नराखेको, पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्वयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति प्रतिवेदन तयार नगरेको, अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिमको मध्यकालीन खर्चको संरचना तयार नगरेको,	

			वडा कार्यालयमा रहेका जिन्सी समान अभिलेख पालिकाको मूल जिन्सी खातामा अध्यावधिक नगरेको, जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा नगरेको, सार्वजनिक खरिद नियमावलि 2064 को नियम 7 र 8 खरिद अनुसार गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार नगरेको, संस्था दर्ता ऐन, २०३४ को दफा ३ अनुसार पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण गर्न गठन गरेका उपभोक्ता समिति उक्त ऐनको व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता नगरेको, वातावरण संरक्षणको एकिकृत दीर्घकालिन योजना तयार नगरेको, मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम यस पालिका तथा पालिकामा समाहित भएका साविकका गाउँ विकास समिति तथा नगरपालिकाको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको पालिकामा कायम गरी नियमानुसार पेश्की फर्छयौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा यस पालिकामा समाहित भएका साबिकका विषयगत कार्यालयको बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख नगरपालिकाले एकिन गरी अध्यावधिक नगरेको अधुरा आयोजनाको समिक्षा नगरेको आदि ।		
११.२			**सूचना प्रविधी पद्धतिः** नगरपालिकाले राजश्व सँग सम्बन्धित सफ्टवेयर लगायत अन्य सफ्टवेयर प्रणाली संचालन गर्दा स्वीकृत म.ले.प. फारामहरुको प्रयोग गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाद्वारा आन्तरिक आय र योजनाको सफ्टवेयर संचालन गर्दा निम्नानुसार म.ले.प फारामहरुको प्रयोग गरेको पाईएन । तसर्थ स्वीकृत म.ले.प फारामहरुको प्रयोग गरी सूचना प्रविधी पद्धति (Software) को व्यवस्थापन र संचालन गर्नु पर्दछ । कार्यालय स्वयंको नियन्त्रणमा रहेका सूचना प्रविधी पद्धतिमा सुरक्षा, अख्तियारी, भण्डारण र ब्याकअप आन्तरिक रुपले भरपर्दो नभएको, सूचना प्रविधी पद्धतिमा युजर एक्सेस व्यवस्थापन सम्बन्धित सफ्टवेयर म्यानुअल अनुसार र म. ले. प. फाराम ९०१ र ९०२ बमोजिम कार्यान्वयन नगरेको, सफ्टवेयर म्यानुअलमा तोकिए अनुसार सेक्युरिटी प्रोटोकल र सुरक्षण विधी लागु नगरेको र त्यसको अभिलेख म. ले. प. फाराम ९०३ मा नराखेको, सफ्टवेयर फेलरका वा अन्य असामान्य अवस्थामा भरपर्दो वैकल्पिक व्यवस्था नभएको ।		

११.३			महालेखा नियन्त्रक कार्यालयले सम्पूर्ण सरकारी कार्यालयहरुको सवारी साधन र मेशिनरी सञ्चालनका अभिलेखका लागि स्वीकृत मलेप फारामको व्यवस्था गरिएको छ । पालिकाले निम्नानुसार म.ले.प फारामहरु स्वीकृत ढाँचामा अद्यावधिक गरी राखेको छैन । अतः पालिकाले स्वीकृत म.ले.प फारामहरुको प्रयोग गरी सवारी साधन र मेशिनरी संचालन गरिनु पर्दछ । म. ले. प. फाराम ९०५ बमोजिम सवारी साधन सञ्चालन लगबुक नराखेको र अद्यावधिक नभएको म. ले. प. फाराम ४१५ बमोजिम त्यस्ता सवारी साधन र मेशिनरीको मर्मत अभिलेख नराखेको र अद्यावधिक नभएको		
११.४			**म. ले. प. फारामः** भ्रमण खर्च नियमावली, 2064 मा भ्रमणमा खटिने पदाधिकारीहरुको भ्रमण अभिलेख तयार गर्नुपर्ने, भ्रमण प्रतिवेदन पेश गर्नुपर्ने व्यवस्था गरेको छ । कार्यालयले कर्मचारीहरुको भ्रमण स्वीकृत गरी खर्च गर्दा औपचारिक भ्रमण प्रतिवेदन तयार गरी भ्रमण अभिलेख तयार गरेतापनि निम्नानुसारको म.ले.प फारामहरुको प्रयोग गरी विवरण तयार गरी अभिलेख राखेको पाईएन । म. ले. प. फाराम ९०७ बमोजिम भ्रमण गरेका सबै कर्मचारीका लागि दैनिक कार्यसम्पादन विवरण (TIME SHEET) नराखेको म. ले. प. फाराम ९०८ बमोजिम भ्रमण गरेका सबै कर्मचारीका लागि भ्रमण अभिलेख नराखेको म. ले. प. फाराम ९०९ बमोजिम भ्रमण प्रतिवेदन नराखेको अतः कार्यालयले भ्रमण खर्चमा आन्तरिक नियन्त्रण हुने गरी उपरोक्तानुसारका स्वीकृत म.ले.प फारामहरुको प्रयोग गर्नु पर्दछ ।		
११.५			बेरुजु लगतः कार्यालयले स्वीकृत म.ले.प. फारामहरुको प्रयोग गरी विवरण अद्यावधिक गरी स्रेस्ता राख्नुपर्दछ । नगरपालिकाले निम्नानुसार बेरुजु लगतका लागि मलेप फारामको व्यवस्था गरेको पाईएन । -म. ले. प. फाराम ८०१ बमोजिमको बेरुजु लगत -म. ले. प. फाराम ८०५ बमोजिमको सम्परीक्षण गोश्वारा अभिलेख स्वीकृत म.ले.प फारामहरुको प्रयोग गरी स्रेस्ता अद्यावधिक गर्ने तर्फ ध्यान दिनु पर्दछ ।		
१२			**वित्तीय विवरण परीक्षण**		
१२.१			आर्थिक कार्यविधि कानून बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्यलक्ष्य तथा कार्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले कार्यक्रमहरुको चौमासिक विवरण तयार गरी कार्यलक्ष्य तथा कार्यक्रम बमोजिम कार्यसम्पादन गर्नुपर्नेमा बार्षिक रुपमा मात्र प्रगति तयार पारेको देखियो । पालिकाले कानुन बमोजिम योजना तथा कार्यक्रमहरुको चौमासिक प्रगती विवरण तयार गर्नु पर्दछ ।		

१२.२			स्थानीय सरकार सञ्चालन ऐन, 2074 को दफा 91 बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी कोष स्थापना गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले यसवर्ष कर्मचारीहरुको योगदानबाट हुने अंश कट्टी नगरी एकमुष्ट रु.1000000/- कर्मचारी कल्याण कोषको व्यवस्था गरेको छ । स्थानिय सरकार संचालन ऐन अनुसार स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट 10 प्रतिशत कट्टा गरी सो रकम बराबर हुन आउने रकम थप गरी कर्मचारी कल्याण कोष स्थापना र संचालन गर्नु पर्दछ ।	
१२.३			स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७२ मा गाउँपालिका तथा नगरपालिकाले प्रत्येक वर्षको साउन एक गतेदेखि आगामी वर्षको असार मसान्तसम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी आय र व्यवयको हिसाव राख्नुपर्दछ । सोही ऐनको दफा ६९ मा तोकीय अनुसार गाउँपालिका तथा नगरपालिकाले आफ्नो आर्थिक कार्य प्रणfलीको व्यवस्थापन गर्नुपर्दछ । यस सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम छन् • स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको NEPSAS based ढाँचामा प्रतिवेदन तथा लेखाङ्कन गरेको पाईएन । त्यसैले तोकेबमोजिमका वित्तीय विवरणहरु तथा खाताहरु अद्यावधिक गरी आय र व्ययको वास्तविक स्थिति देखिने गरी लेखांकन गर्नुपर्दछ ।	
१३			**सम्पत्ति उपयोग र संरक्षण** नगरपालिकाले सार्वजनिक सम्पत्ति, जग्गाको संरक्षण, उपयोग नीति र मापदण्ड निर्माण गरी सार्वजनिक सम्पत्तिको प्रभावकारी र औचित्यपूर्ण प्रयोग गर्नु पर्दछ । पालिकाले सम्पतिको संरक्षण र उपयोग नीति र मापदण्ड नबनाएको र सार्वजनिक पर्ति ऐलानी जग्गा तथा सम्पतिको अतिक्रमण भए नभएको अनुगमन नगरेको पाईयो । नगरपालिकाले सार्वजनिक सम्पत्ति, जग्गाको संरक्षण, उपयोग नीति र मापदण्ड निर्माण गरी सार्वजनिक सम्पत्तिको व्यवस्थापन गर्नु पर्दछ ।	
१४			**बजेट तथा कार्यक्रम**	
१४.१			स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय	

			स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था बमोजिम समिति गठन गर्नुपर्ने र समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्राथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने तथा बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितीलाई उपलब्ध गराउनुपर्ने व्यवस्था रहेको छ । पालिकाले ऐन बमोजिम स्रोत अनुमान तथा बजेट निर्धारण समिति गठन गरेको भएतापनि विषयगत क्षेत्रको बजेट तर्जुमा तोकिएको समयभित्र गरी बजेट सीमा विषयगत शाखा तथा वडा समितीलाई उपलब्ध गराएको छैन । पालिकाले ऐन बमोजिम चरणबद्ध रुपमा स्रोत अनुमान सहितको बजेट तर्जुमा गरी तोकिएको समयमा नै विषयगत शाखा तथा वडा समितीलाई जानकारी गराउनु पर्दछ ।		
१४.२			**क्षेत्रगत बजेट र खर्च** - स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७७।७८ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ । (बजेट रु. हजारमा)		

मुख्य क्षेत्र	वार्षिक बजेट	खर्च	खर्च प्रतिशत
आर्थिक विकास क्षेत्र	80299	62892	7.28
पूर्वाधार विकास क्षेत्	336609	249419	28.87
सामाजिक विकास क्षेत्र	388830	342358	39.63
वातावरण तथा विकास	0	0	0
सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र	102418	88742	10.27
कार्यालय संचालन तथा प्रशासनिक	137669	120500	13.95
जम्मा	1045825	863911	100

पालिकाले उपलब्ध गराएको विवरण अनुसार आर्थिक विकास क्षेत्रमा सबैभन्दा कम ७.२८ प्रतिशत र सामाजिक विकास क्षेत्रमा सबैभन्दा बढी ३९.६३ प्रतिशत बजेट विनियोजन गरी खर्च गरेको छ । पालिकाले संस्थागत सम्बन्ध तथा वातावरण शीर्षकमा कुनै पनि बजेट विनियोजन गरेको पाईएन । पालिकाले समानुपातिक विकास हुने गरी रोजगारी सिर्जनाको क्षेत्रमा जोड दिएर पूँजीगत विकासमा जोड दिनु पर्दछ ।

१४.३ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीय तहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क संकलन, अभिलेख र सोको ब्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक श्रोत अन्तर्गत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कन सहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने ब्यवस्था रहेको छ । पालिकाले तोकिए बमोजिम प्रोफाइल तयार गरेको छैन । ऐन अनुसार आफ्नो क्षेत्रको एकीकृत अभिलेख र जानकारी समेटिएको प्रोफाईल तयार गर्नु पर्दछ ।

१४.४ **लक्ष्य प्रगति** : कार्यालयले चौमासिक र बार्षिक स्तरको प्रगती विवरण बनाई पेश गर्नुपर्नेमा कार्यालयले सञ्चालन गरेका विभिन्न योजनाको नियम बमोजिमको ढाँचामा चौमासिक प्रगती विवरण तयार गरेको देखिएन । बजेट खर्च गर्ने तथा खर्चको तोकिएको ढाँचामा बार्षिक प्रगति तयार नगर्ने प्रमुख प्रशासकीय अधिकृतलाई जिम्मेवार बनाउनु पर्दछ ।

कार्यक्रम/योजना संख्या	यो बर्ष खर्च	वार्षिक प्रगति स्थिती			
		शून्य प्रगती	२५%सम्म प्रगति	५०% सम्म प्रगति	७५% सम्म प्रगति
521	446792000	5	3	10	503

१४.५ **योजना छनौट र कार्यान्वयन :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त हुने प्रगतिका योजना छनौट गरि प्राथामिकीकरण गर्नुपर्ने व्यवस्था छ । सभाबाट स्वीकृत बार्षिक गाउँ विकास योजना २०७७/७८ को अध्ययन गर्दा पालिकाले स्वीकृत गरी सञ्चालन गरेको अधिकांश योजना न्यून बजेट भएका र लागत प्रभावी हुने किसिमले संचालन गरेको पाइएन । पालिकाले यस वर्ष संचालन गरेका योजना देहाय अनुसार छन् ।

रु १ लाख सम्म	रु १ लाख देखि २ लाख सम्म	रु २ लाखदेखि ५ लाख सम्म	रु ५लाख देखि १० लाख सम्म	रु १० लाखदेखि ५० लाख सम्म	५० लाखभन्दा बढी	जम्मा
98	112	117	120	71	3	521

उपरोक्त विवरण अनुसार पालिकाले यस वर्ष रु.पचास हजार देखि ५० लाख वढी सम्मका जम्मा ५२१ वटा योजना संचालन गरेकोमा रु. ५ लाख भन्दा मुनिका मात्र ३२७ वटा योजनाहरु रहेका छन् । त्यसैले साना रकमका धेरै योजनाहरु संचालन गर्दा कार्यालयको जनशक्ति वर्षै भरि योजना व्यवस्थापनमा खटिनु पर्ने, संचालित योजनाबाट चालु प्रकृत्तिका कार्यमा बढी खर्च भई लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत नकारात्मक असर पर्ने अवस्था तर्फ ध्यान दिनु पर्दछ ।

१४.६

अबण्डा बजेटः स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय–व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले यो बर्ष विभिन्न वडाहरुमा विभिन्न शिर्षकहरुमा एकमुष्ट रु.१ करोड ३० लाख बजेट अबण्डा राखेको छ । उक्त अबण्डा रकम कार्यपालिकाको विभिन्न मितिको निर्णयबाट मागको आधारमा योजना तयार गरी विभिन्न शीर्षकहरुमा रु.१ करोड १५ लाख ५० हजार बजेट खर्च गरेको छ । बजेट अबण्डामा राखी कार्यपालिकाको निर्णयबाट शिर्षक टुक्रा पारी खर्च गर्ने प्रक्रियामा नियन्त्रण गर्नुपर्दछ ।

क्र.सं.	शिर्षकको नाम	बजेट रु.	खर्च रु.
1	सामुदायिक भवन (विभिन्न वडाहरु) मागको आधारमा	20,00,000	20,00,000
2	विभिन्न वडामा पोखरी निर्माण	20,00,000	12,51,000
3	विभिन्न वडामा पार्क निर्माण	15,00,000	13,00,000
4	विभिन्न वडामा युवा तथा खेलकुद पूर्वाधार विकास	25,00,000	25,00,000
5	विभिन्न वडामा वाल उद्यान निर्माण	20,00,000	15,23,000
6	विभिन्न धार्मिक अनुष्ठानको संरक्षण र सम्बर्द्धन	10,00,000	9,76,000
7	विभिन्न वडामा बाटो ग्राभेल	20,00,000	20,00,000
जम्मा		1,30,00,000	1,15,50,000

१४.७ **बजेट पेश, पारित र अख्तियारीः** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ म स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा उपमेयर श्री मायादेवी पौडेलले मिति २०७७।३।१० गते रु. ९६ करोड ८६ लाख १ हजारको बजेट सभा समक्ष पेश गरेकोमा मिति २०७७।३।२१ मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले २०७७।३।२८ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ ।

१५ **पेश्की व्यवस्थापन** १,२४७,५०७

पेश्की बाँकीः आर्थिक कार्यविधी तथा वित्तीय उत्तरदायित्व नियमावली, 2077 को नियम 47 अनुसार दिईएको पेश्की लिने व्यक्ति तथा संस्थाले काम सम्पन्न भएको पन्ध्र दिनभित्र खर्च प्रमाणित गर्ने आवश्यक बील भरपाई र कागजात सहितको प्रतिवेदनका आधारमा कार्यालय समक्ष पेश गर्नुपर्ने र कार्यालयले पेश भएको सात

दिनभित्र फछ्र्यौट गर्नुपर्ने व्यवस्था रहेको छ । नियम 52(3) अनुसार कार्यालयले दिएको म्याद नाघेको पेश्की तोकिएको समयमा फछ्र्यौट गरेको छैन । अतः पालिकाले विभिन्न व्यक्ति तथा संस्थालाई दिएको निम्नानुसार पेश्की रु.12,47,507/- नियमानुसारअसुल फछ्यौट गर्नुपर्ने रु.

गो.भौ. नं. र मिति	पेश्की लिनेको नाम	पेश्की प्रयोजन	रकम
435-2078/02/21	भ्युटावर निर्माण उपभोक्ता समिति वडा नं.2	टावर निर्माण	750000
454-2078/02/26	नेपाल विद्युत प्राधिकरण, बर्दघाट	विद्युत मर्मत तथा व्यवस्थापन	98868
456-2078/02/26	नेपाल विद्युत प्राधिकरण, बर्दघाट	विद्युत पोल तथा तार खरिद र विद्युतीकरण	398639
जम्मा			1247507

(क) मोबिलाईजेशन पेश्कीः पालिकाले निम्नानुसार दिएको मोबिलाईजेशन पेश्की हालसम्म फछ्र्यौट गरेको छैन । तसर्थ निम्नानुसार व्यक्ति तथा संस्थालाई दिएको मोबिलाईजेशन पेश्की कार्यसम्पन्न र प्राविधिक विल बमोजिम फरफारक गर्नुपर्दछ ।

गो.भौ.नं. र मिति	योजनाको नाम	पेश्की लिने व्यक्ति वा संस्थाको नाम	रकम
238-2077/11/20	बण्डा खोला बाटो स्तरोन्नती	एम भण्डारी कन्स्ट्रक्सन एण्ड रियल स्टेट प्रा.लि.	142000
382-2078/01/08 583-2078/03/23	घण्टाघर निर्माण	परासी निर्माण सेवा, परासी	560000
जम्मा			702000

१६

कर तथा शुल्क असुली

कर तथा शुल्क असुलीः स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।

			<table><tr><td>आय शिर्षक</td><td>अनुमान</td><td>असुली</td><td>असुली प्रतिशत</td></tr><tr><td>एकिकृत सम्पत्ति कर</td><td>2500000</td><td>1801993</td><td>72.07</td></tr><tr><td>घरजग्गा बहाल कर</td><td>2000000</td><td>4701240</td><td>235</td></tr><tr><td>व्यवसाय कर</td><td>900000</td><td>2013937</td><td>224</td></tr><tr><td>वहाल विटौरी शुल्क</td><td>6000000</td><td>2842634</td><td>45.71</td></tr></table> पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझी परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन ।तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायरामा ल्याउनु पर्दछ ।	
१७			**सुत्रको नगद र बैंक मौज्दात** जिम्मेवारी फरक परेकोः स्थानीय तहको सञ्चित कोषमा गत विगतको बाँकी, यस वर्ष प्राप्त र खर्च भएको रकम स्पष्ट देखिने गरी हिसाब राख्ने र जिम्मेवारी एकिन गर्नुपर्दछ । तर स्थानीय तहको म.ले.प.फा.नं. 272 को प्रतिवेदनअनुसार गत वर्षको अन्त्यमा रु.141473694/- बैंक मौज्दात कायम भएकोमा सोही विवरणको नगद तथा बैंक बाँकी तर्फ रु.150339081/- मौज्दात देखियो । जस अनुसार एउटै आ.व. को म.ले.प.फा.नं.272 मा बैंक मौज्दात भन्दा बैंक तथा नगद मौज्दात रु.1134613 ले घटी भएको सम्बन्धमा यकिन गर्नुपर्ने देखिएको रु.	१,१३४,६१३
१८	५७	२०७८-३-२८	**कोभिड तर्फ** **बील भरपाई नभएकोः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, 2077 को नियम 39(5) मा सरकारी रकम खर्च गर्दा त्यस्तो रकम खर्च पुष्टि गर्ने बिल भरपाई, प्रमाण र कागजात संलग्न हुनु पर्ने व्यवस्था रहेको छ । नगरपालिकाले मिति 2078/03/28 को कार्यपालिकाको निर्णय बमोजिम नगरपालिका क्षेत्रमा रहेका मृगौला रोगीहरुको लागि यातायात खर्च वापत गौतमबुद्व सामुदायिक मुटु अस्पताललाई (अस्पतालको च.नं.168-077/78 मिति 2078/03/16 पत्रानुसार) रु.150000/- भुक्तानी दिएकोमा उक्त यातायात खर्च नगरपालिकाको कुन कुन मृगौला रोगीहरुले कुन अवधिसम्म प्रयोग गरेको हो भन्ने विवरण राखेको छैन । नगरपालिकाले उक्त अस्पतालबाट सो समयावधिमा यातायात सुविधा प्रयोग गरेका नगरपालिका क्षेत्रभित्रका विरामीहरुको विवरण सहितको खर्च देखिने भरपाई पेश गर्नुपर्ने रु.	१५०,०००
१९			**ठे.नं. NCB/35-076/77 वडा नं.३ स्वास्थ्य चौकी भवन निर्माण कार्य**	
१९.१	114	२०७८-३-१९	ठे.नं. NCB/35-076/77 गो.भौ. ११४।०७८।०३।१९ : वडा नं.३ स्वास्थ्य चौकी भवन निर्माण कार्यको लागि पालिका र निर्माण	७७,८६७

 https://nams.oag.gov.np

			व्यवसायी अनिशा कन्स्ट्रक्सन वीच कवोल अंक रु २६,४४,९४१।००(मू.अ.कर समेत) को मिति २०७८।२।३१ मा कार्यसम्पन्न गर्नेगरी मिति २०७७।४।२९ मा सम्झौता भएको छ । यस सम्वन्धमा देखिएको व्यहोरा निम्नानुसार रहेको छ : **क. कर विजक :** मुल्य अभिबृद्धि कर नियमावली, २०५३ को नियम १७ मा दर्ता भएको पार्टीले कुनै वस्तु वा सेवा आपूर्ती गर्दा अनुसूची ५ र ५ (क) बमोजिमको ढाँचामा कर बीजक पेश गर्नुपर्ने व्यवस्था छ । यस कार्यको प्रथम रनिङ्ग विल वापत रु ६,७६,८४७।५० भुक्तानी भएको छ । भुक्तानी का लागि पेश भएको कर विजकमा विजक नं. ६८ लाई हातले केरमेट गरी १८ वनाएको छ । मू.अ.कर वापत रु ७७,८६७।४१ भुक्तानी भएकोले कर समायोजन गरेको प्रमाण पेश हुनुपर्ने अन्यथा असुल हुनुपर्ने रु.....	
१९.२			**ख. पूर्वनिर्धारित क्षतिपूर्ति :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२१(क) मा निर्माण व्यवसायिको ढिलाइको कारणवाट खरिद सम्झौता वमोजिम तोकिएको म्यादमा कार्य सम्पन्न हुन नसकेमा निर्माण व्यवसायीले सम्झौता रकमको दश प्रतिशतमा नबढ्ने गरी प्रति दिन सम्झौता रकमको ०.०५% पूर्वनिर्धारित क्षतिपूर्ति दिनु पर्ने र पूर्वनिर्धारित क्षतिपूर्ति तिर्दैमा सम्वन्धित निर्माण व्यवसायी खरिद सम्झौता बमोजिमको कार्यसम्पादन गर्ने दायित्वबाट मुक्त हुन नसक्ने व्यवस्था छ । प्रथम रनिङ्ग विलवाट २४ दिनको हर्जना वापत रु ३१,७४०।०० कट्टी गरी भुक्तानी भएको छ । लेखापरीक्षणको अवधिसम्म कार्यसम्पन्न नभएको र कार्यसम्पादन जमानतको म्याद समेत समाप्त भएकोले सम्झौता रकम रु २३,४०,६५५।७५ (मू.अ.कर वाहेक) को १०% ले हुने रकम रु २,३४,०६५।०० मा प्रथम रनिङ्ग विलवाट कट्टी भएको हर्जना रु ३१,७४०।०० घटाई हुने बाँकी रु २,०२,३२५।०० पूर्वनिर्धारित क्षतिपूर्ति वापत असुल गरी वाँकी काम सम्वन्धित निर्माण व्यवसायी सम्पन्न गर्नुपर्ने रु...	२०२,३२५
२०			**कार्यसम्पादन जमानत** कार्यसम्पादन जमानतको अवधि : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११०(४) मा कार्यसम्पादन जमानतको मान्य अवधि सम्झौतामा उल्लिखित निर्माण कार्यको त्रुटि सच्याउने दायित्व (डिफेक्ट लायबिलिटिज) को अवधि भन्दा कम्तिमा एक महिना वढी अवधिको हुनुपर्ने व्यवस्था छ । यस पालिकावाट भएको निम्नानुसारको निर्माण कार्यको खरिद सम्झौता गर्दा नियमावली वमोजिम हुनुपर्ने अवधि खाम्ने गरी कार्यसम्पादन जमानत पेश गरेको पाइएन । खरिद सम्झौता अनुसारको अवधि खाम्ने गरी कार्यसम्पादन जमानत पेश भएपछी मात्र खरिद सम्झौता गर्ने तर्फ पालिकाले ध्यान दिनु पर्दछ ।	

ठे.नं.	कार्यसम्पादन जमानत रकम	सम्पन्न गर्नुपर्ने म्याद	न्युनतम हुनुपर्ने म्याद	भएको म्याद
34-76/77	३,१४,८६०	२०७८।२।३१	२०७९।३।३०	२०७८।०६।१९
15-77/78	१३,५६,८२१	२०७८।०२।३०	२०७९।३।३०	२०७८।१२।२४
17-77/78	६,०३,३२९	२०७८।०२।३०	२०७९।३।३०	२०७८।१२।३०
5-077/78	८,१५,४८२	२०७८।०२।३०	२०७९।३।३०	२०७८।११।१२

२१			**ठे.नं. NCB/9-077/78 खानेपानी टंकी देखि पूर्व जुमुनियासम्म वडा नं. १३ मा सडक कालोपत्रे**	
२१.१			ठे.नं. NCB/9-077/78 खानेपानी टंकी देखि पूर्व जुमुनियासम्म वडा नं. १३ मा सडक कालोपत्रे निर्माण कार्यको लागि पालिका र निर्माण व्यवसायी दाउन्ने कन्स्ट्रक्सन वीच कवोल अंक रु ४८,७१,७८५।३४(मू.अ.कर समेत) को मिति २०७८।२।३० मा कार्यसम्पन्न गर्नेगरी मिति २०७७।०९।०२ मा सम्झौता भएको छ । यस सम्वन्धमा देखिएको व्यहोरा निम्नानुसार रहेको छ : क. एकमुष्ट पेश्की : गो.भौ. १२१।०७७।०९।१३ सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५२(क. १ र २) मा निर्माण व्यवसायीवाट अग्रीम बैंक जमानत लिई खरिद सम्झौता रकमको बीस प्रतिशतमा नबढने गरी पेश्की दिन सकिने र त्यस्तो पेश्की दिँदा पहिलो पटकमा स्वीकृत पेश्की रकमको आधामा नबढने गरी र बाँकी रकम कार्य प्रगतिको आधारमा दिन सकिने व्यवस्था छ । यस निर्माण कार्यको लागि पालिकाले मोविलाईजेशन पेश्की वापत एकमुष्ट २०% ले हुने रु ५,५०,०००।०० भुक्तानी दिएको छ । यस वाट निर्माण व्यवसायीलाई लाभ पुग्ने देखिन्छ । यस्तो कार्यमा नियन्त्रण हुनु पर्दछ ।	
२१.२			**ख. पूर्वनिर्धारित क्षतिपूर्ति :** गो.भौ. ६६०।०७८।०३।२९- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२१(क) मा निर्माण व्यवसायिको ढिलाइको कारणवाट खरिद सम्झौता वमोजिम तोकिएको म्यादमा कार्य सम्पन्न हुन नसकेमा निर्माण व्यवसायीले सम्झौता रकमको दश प्रतिशतमा नबढ्ने गरी प्रति दिन सम्झौता रकमको ०.०५% पूर्वनिर्धारित क्षतिपूर्ति दिनु पर्ने र पूर्वनिर्धारित क्षतिपूर्ति तिर्दैमा सम्वन्धित निर्माण व्यवसायी खरिद सम्झौता बमोजिमको कार्यसम्पादन गर्ने दायित्वबाट मुक्त हुन नसक्ने व्यवस्था छ । प्रथम रनिङ्ग विलवापत रु १५,११,८३९।३५ भुक्तानी दिँदा हर्जना वापत रु ३३,६००।०० कट्टी गरी भुक्तानी भएको छ । लेखापरीक्षणको अवधिसम्म कार्यसम्पन्न नभएको र कार्यसम्पादन जमानतको म्याद समेत थप नभएकोले सम्झौता रकम रु ४३,११,३१४।०० (मू.अ.कर वाहेक) को १०% ले हुने रकम रु ४,३१,१३१।०० मा प्रथम रनिङ्ग विलवाट कट्टी भएको हर्जना रु	३९७,५३१

			३३,६००।०० घटाई हुने बाँकी रु ३,९७,५३१।०० पूर्वनिर्धारित क्षतिपूर्ति वापत असुल गरी वाँकी काम सम्वन्धित निर्माण व्यवसायी सम्पन्न गर्नुपर्ने रु...	
२२			**वडा नं. ६ वेतहानी देखी त्रिवेणी सडक स्तरोन्नती कार्य** **कार्यसम्पादन जमानतको रकम :** सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७(४) मा वोलपत्रदाताले कार्यसम्पादन जमानत दाखिला गरी खरिद सम्झौता गर्नुपर्ने र यस्तो जमानत वोलपत्रदाताले लागत अनुमान भन्दा पन्ध्र प्रतिशतसम्म कम अंक कबुल गरेमा कबुल अंकको पाँच प्रतिशत र लागत अनुमानको पन्ध्र प्रतिशत भन्दा वढी घटेर कबुल गरेको अवस्थामा पन्ध्र प्रतिशत भन्दा जति रकमले घटी कवुल गरेको छ सोको पचास प्रतिशतले हुन आउने रकम कबुल अंकको पाँच प्रतिशतमा थप गरी कार्यसम्पादन जमानत बापत दाखिला गर्नुपर्ने व्यवस्था छ । वडा नं. ६ वेतहानी देखी त्रिवेणी सडक स्तरोन्नती कार्यको लागि पालिका र निर्माण व्यवसायी पुष्पाञ्जली कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि. वीच कवोल अंक रु ३९,९९,७९८।३६ (मू.अ.कर समेत) को मिति २०७८।०२।३० मा कार्य सम्पन्न गर्ने गरी मिति २०७७।१०।६ मा सम्झौता भएको छ । खरिद सम्झौता अनुसार रु ६,३८,४५०।३० वरावरको कार्य सम्पादन जमानत पेश हुनुपर्नेमा रु १,२२,८८८।०० को कार्यसम्पादन जमानत पेश भई खरिद सम्झौता भएको नियम सम्मत भएन । कार्यसम्पादन जमानत वापत अपुग रकम रु ५,१५,५६२।३० को त्रुटि सच्याउने अवधिमा थप १ महिना खाम्ने जमानत पेश हुनुपर्ने रु....	५१५,५६२
२३	274	२०७७-१२-५	**मू .अ. कर विजक** **कर विजक :** ठे.नं. NCB/15-077/78 गो.भौ. २७४।०७७।१२।५ मुल्य अभिबृद्धि कर नियमावली, २०५३ को नियम १७ मा दर्ता भएको पार्टीले कुनै वस्तु वा सेवा आपूर्ती गर्दा अनुसूची ५ र ५ (क) बमोजिमको ढाँचामा कर बीजक पेश गर्नुपर्ने व्यवस्था छ । यस कार्यको प्रथम रनिङ्ग विल वापत विजक नं. ०१।२०७७।१२।५ रु २३,०९,६०३।०० भुक्तानी भएको छ । सुशान कन्ष्ट्रक्सनले भुक्तानी का लागि पेश भएको कर विजकमा विजक नं. केरमेट गरी पेश भएको छ । मू.अ.कर वापत रु २,६५,७०६।५० भुक्तानी भएकोले कर समायोजन गरेको प्रमाण पेश हुनुपर्ने अन्यथा असुल हुनुपर्ने रु.....	२६५,७०६
२४			**म्याद थप**	
२४.१			**निर्माण कार्यको म्याद :** निर्माण कार्यको सम्पन्न गर्नुपर्ने अवधि निर्धारण गर्दा वस्तुगत आधारमा उपयुक्त समय निर्धारण गरिनु पर्दछ । ठे.नं. NCB/46-077/78 Construction of Compound Wall for Industrial Village, Ward no.5 को निर्माण कार्यको लागि पालिका र निर्माण व्यवसायी KAT Engineering Construction वीच कवोल अंक रु ६७,२४,१८२।०७ (मू.अ.कर समेत) को मिति २०७८।०३।२५ मा सम्पन्न गर्ने गरी मिति २०७८।०२।३० मा सम्झौता भएको छ । यस निर्माण कार्यको अवधि जम्मा २५ दिन राखि खरिद सम्झौता भएको छ । शुरु सम्झौता अनुसार सम्पन्न हुनुपर्ने अवधिसम्म पनि कार्य प्रारम्भ भएको छैन् । यस पालिकावाट सञ्चालित कतिपय निर्माण कार्यको लागि आर्थिक बर्षको अन्त्यमा खरिद सम्झौता गर्ने र निर्माण सम्पन्न गर्नुपर्ने म्याद १ महिना भन्दा कम राखी सम्झौता गरेको देखियो । योजना सम्पन्न गर्न आवश्यक समयको वस्तुगत आधार वेगर म्याद	

			निर्धारण गरेको देखियो ।संघ र प्रदेशवाट आर्थिक वर्षको अन्तिम चौमासिकमा वजेट आउने र यस बर्ष वजेट विनियोजन भएको र अर्को बर्ष वजेट आउने नआउने सुनिश्चित नभएकोले यही आर्थिक वर्ष भित्रको म्याद कायम गरि सम्झौता गरिएको पालिकाले जानकारी दिएको छ । खरिद कानुन अनुसारको खरिद श्रृखलाको तयारी तथा पालना गरेको पाइएन जसले गर्दा थोरै समय म्याद राखी खरिद सम्झौता गर्ने, अर्को वर्ष वजेट सुनिश्चित नहुदाँ काम अधुरो रहने, पटक पटक गरी शुरु सम्झौताको ३-४ गुणा भन्दा वढी म्याद थप गर्ने गर्नाले खरिद व्यवस्थापनमा धेरै समस्याहरु हुने गरेको देखियो । निर्माण कार्यको म्याद निर्धारण गर्दा काम गर्न लाग्ने वस्तुगत आधारमा अवधि निर्धारण गर्नुपर्ने र खरिद श्रृखलाको प्रभावकारी परिपालना गर्ने गराउने तर्फ पालिकाले ध्यान दिनु पर्दछ ।	
२४.२			**म्याद थप :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२० मा म्याद थप सम्वन्धि व्यवस्था रहेको छ । मिलनचोक देखी शिवालय मन्दिर बाटो कालोपत्रे गर्ने कार्यको लागि पालिका र निर्माण व्यवसायी पुष्पाञ्जली कन्स्ट्रक्सन सप्लायर्स प्रा.लि. वीच कवोल अंक रु ३६,९९,४६१।९७ (मू.अ.कर समेत) को मिति २०७८।०२।३० मा कार्य सम्पन्न गर्ने गरी मिति २०७७।१०।६ मा सम्झौता भएको छ । मिति २०७८।०९।२९ सम्म म्याद थप भएकोमा कार्यसम्पादन जमानतको म्याद थप गरेको देखिएन । कार्यसम्पादन जमानतको म्याद थपकोलागि मिति २०७८।४।५ मा निर्माण व्यवसायीलाई पत्राचार गरेकोमा कार्य सम्पादन जमानतको म्याद थप गरी पेश भएको देखिएन । प्रथम रनिङ्ग विल वापत रु ८,७०,१२६।०० भुक्तानी भएकोमा लेखापरीक्षणको अवधिसम्म पनि कार्य सम्पन्न भएको छैन् । कार्यसम्पादन जमानतको अवधि थप नगरी निर्माण कार्यको म्याद थप गर्ने कार्य उचित भएन । यस्तो कार्यमा नियन्त्रण हुनु पर्दछ । पूर्वनिर्धारित क्षतिपूर्ति लिई वाँकी कार्य सम्वन्धित निर्माण व्यवसायीवाट सम्पन्न गर्नुपर्दछ ।	
२५			**ठे.नं. SQ/26-077/78 को पनहि भित्रिवाटो कालोपत्रे** **पूर्वनिर्धारित क्षतिपूर्ति :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२१(क) मा निर्माण व्यवसायिको ढिलाइको कारणवाट खरिद सम्झौता वमोजिम तोकिएको म्यादमा कार्य सम्पन्न हुन नसकेमा निर्माण व्यवसायीले सम्झौता रकमको दश प्रतिशतमा नबढ्ने गरी प्रति दिन सम्झौता रकमको ०.०५% पूर्वनिर्धारित क्षतिपूर्ति दिनु पर्ने र पूर्वनिर्धारित क्षतिपूर्ति तिर्दैमा सम्वन्धित निर्माण व्यवसायी खरिद सम्झौता बमोजिमको कार्यसम्पादन गर्ने दायित्वबाट मुक्त हुन नसक्ने व्यवस्था छ । ठे.नं. SQ/26-077/78 को पनहि भित्रिवाटो कालोपत्रे गर्ने कार्य को लागि पालिका र निर्माण व्यवसायी पुष्पाञ्जली कन्स्ट्रक्सन एण्ड सप्लायर्स(६०६७३१५४६) वीच कवोल अंक रु ९,०८,८५२।२२(मू.अ.कर समेत) को मिति २०७८।०२।३० मा कार्य सम्पन्न गर्ने गरी मिति २०७७।११।२० मा सम्झौता भएको छ । यस निर्माण कार्यको वेस वापत रु २,१३,७५०।०० भुक्तानी भएकोमा टेक कोट, प्राइम कोट र प्रिमिक्स कार्पेटको काम भएको छैन् भने त्यसपछी लेखापरीक्षण अवधिसम्म कुनै काम भएको छैन् । कार्यसम्पादन जमानतको म्याद समेत थप भएको छैन् । यस विलमा पूर्वनिर्धारित क्षतिपूर्ति वापत २४ दिनको रु १०,९०७।०० हर्जना लगाइ भुक्तानी भएको छ । यस निर्माण कार्यको म्याद थप समेत नभएको र कार्यसम्पादन जमानतको म्याद समेत थप नभएको र लेखापरीक्षण अवधिसम्म पनि कार्य प्रगति	६९,५२२

			नदेखिएकाले सम्झौता रकम रु ८,०४,२९४।०० (मू.अ.कर वाहेक) को १०% ले हुने रकम रु ८०,४२९।०० मा प्रथम रनिङ्ग विलवाट कट्टी भएको हर्जना रु १०,९०७।०० घटाई हुने बाँकी रु ६९,५२२।०० सम्वन्धित निर्माण व्यवसायीवाट पूर्वनिर्धारित क्षतिपूर्ति वापत असुल गरी वाँकी काम सम्पन्न गर्नुपर्ने रु...	
२६			**ठे.नं. SQ/21-077/78 को पनहि भित्रिवाटो कालोपत्रे**	
२६.१			**पूर्वनिर्धारित क्षतिपूर्ति :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२१(क) मा निर्माण व्यवसायिको ढिलाइको कारणवाट खरिद सम्झौता वमोजिम तोकिएको म्यादमा कार्य सम्पन्न हुन नसकेमा निर्माण व्यवसायीले सम्झौता रकमको दश प्रतिशतमा नबढ्ने गरी प्रति दिन सम्झौता रकमको ०.०५% पूर्वनिर्धारित क्षतिपूर्ति दिनु पर्ने र पूर्वनिर्धारित क्षतिपूर्ति तिर्दैमा सम्वन्धित निर्माण व्यवसायी खरिद सम्झौता बमोजिमको कार्यसम्पादन गर्ने दायित्वबाट मुक्त हुन नसक्ने व्यवस्था छ । ठे.नं. SQ/21-077/78 को पनहि भित्रिवाटो कालोपत्रे गर्ने कार्य को लागि पालिका र निर्माण व्यवसायी पुष्पाञ्जली कन्स्ट्रक्सन एण्ड सप्लायर्स(६०६७३१५४६) वीच कवोल अंक रु १६,९९,९६६।९० (मू.अ.कर समेत) को मिति २०७८।०२।३० मा कार्य सम्पन्न गर्ने गरी मिति २०७७।१०।०६ मा सम्झौता भएको छ । यस निर्माण कार्यको वेस वापत रु १,७४,२४०।०० भुक्तानी भएकोमा टेक कोट, प्राइम कोट र प्रिमिक्स कार्पेटको काम भएको छैन् भने त्यसपछी लेखापरीक्षण अवधिसम्म कुनै काम भएको छैन् । कार्यसम्पादन जमानतको म्याद समेत थप भएको छैन् । यस विलमा पूर्वनिर्धारित क्षतिपूर्ति वापत २३ दिनको रु १२,७७४।०० हर्जना लगाइ भुक्तानी भएको छ । यस निर्माण कार्यको म्याद थप समेत नभएको र कार्यसम्पादन जमानतको म्याद समेत थप नभएको र लेखापरीक्षण अवधिसम्म पनि कार्य प्रगति नदेखिएकाले सम्झौता रकम रु ९,८२,९६०।०० (मू.अ.कर वाहेक) को १०% ले हुने रकम रु ९८,२९६।०० मा प्रथम रनिङ्ग विलवाट कट्टी भएको हर्जना रु १२,७७४।०० घटाई हुने बाँकी रु ८५,५२२।०० सम्वन्धित निर्माण व्यवसायीवाट पूर्वनिर्धारित क्षतिपूर्ति वापत असुल गरी वाँकी काम सम्पन्न गर्नुपर्ने रु....	८५,५२२
२६.२			**जस्तापात वितरण :** यस पालिकाको खरको छानो विस्थापन कार्यक्रम अन्तर्गत आ.व.२०७५।७६ मा रु २०,००,०००।००, आ.व.२०७६।७७ मा रु १५,४५,०००।००, आ.व.२०७७।७८ मा रु ४५,०८,७००।०० को जस्ता पाता खरिद भएको छ । पालिकाले प्रत्येक वर्ष आफ्नो क्षेत्रका वासिन्दालाई जस्ता पाता खरिद गरी वितरण गरेकोमा वास्तविक लक्ष्यित जनसंख्या एकिन गरेको पाइएन । जस्तापाता वितरण सम्वन्धमा कुनै कार्यविधि तथा मापदण्ड तयार भएको छैन् । गत वर्ष वितरण गरिएको जस्तापाताको उपयोगको सम्वन्धमा अनुगमन गरी प्रतिवेदन तयार गरेको छैन् । गत वर्ष क-कसले कति जस्ता पाए, यस वर्ष कसले कति जस्ता पाता पाए, वितरित जस्तापाता पर्याप्त थियो थिएन?, जस्तापाता पाउन बाँकी घरपरिवार कति छ, जस्तो विवरणको अभिलेख राखेको छैन् । आफ्नो क्षेत्र भित्रको खरको छानो भएको परिवार संख्या एकिन गरी जस्ता पाता वितरण भएको र हुन वाँकी	४,५०८,७००

			को अभिलेख अधावधिक गर्नु पर्दछ । तसर्थ पालिकाले जस्तापाता पाउनेको नाम र जस्तापाता उपयोग गरी घर बनाएको सुनिश्चित हुने प्रमाण पेश गर्नुपर्ने देखिनुका साथै दैवि प्रकोपको प्रमाण वेगर जस्तापाता वितरण गर्ने कार्य उपयुक्त नदेखिएको रु.	
२७			**उपभोक्ताको विल** **उपभोक्ताको विल भर्पाइ :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७.६ मा उपभोक्ता समितिले हरेक किस्ताको कामको प्राविधिक मूल्याङ्कन , विल, भरपाइ, र खर्च प्रमाणित गर्ने अन्य कागजात त्यस्तो समिति बाट अनुमोदन गराई सम्बन्धित सार्वजनिक निकायमा पेश गर्नु पर्ने व्यवस्था छ । खरिद सम्झौताको शर्त मा मू.अ.कर लाग्ने बस्तु तथा सेवा खरिद गर्दा रु २०,०००.०० भन्दा बढी मूल्यको सामग्रीमा अनिवार्य रुपमा मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र प्राप्त गरेको व्यक्ति फर्म संस्था वा कम्पनीबाट खरिद गर्न पर्ने व्यवस्था भएकोमा नमूना छनोटको आधारमा लेखापरीक्षण गर्दा निम्नानुसार उपभोक्ता समितिले कर लाग्ने सामाग्रि मस्कट, वालुवा, गिट्टी, ईटा खरिद गर्दा मू.अ.कर दर्ता नभएको फर्म सँग विभिन्न मिति र विलवाट कामलाई टुक्राइ रु ४२,५४,३७५ को खरिद गरेको छ । खरिद नियमावलीको पालना नगरी खरिद गर्ने कार्यमा नियन्त्रण गर्नु पर्दछ ।	

गो.भौ. र मिति	उपभोक्ता समिति र काम	पान विल पेश भएको आपूर्तिकर्ता	विल रकम रु
९८।०७८।३।२९	कृषि उपज संकलन तथा बजार पूर्वाधार निर्माण उ.स.	चिसापानी सप्लायर्स प्रा.लि.	८,२०,०००
३२२।०७७।१२।२२	राजमार्ग देखी ब्रह्माकुमारी हुँदै ऋषि गौतमको घरसम्म बाटो स्तरिकरण उ.स.	विभिन्न व्यक्तिको भर्पाइ	३,७९,५००
४७२।०७८।०२।३०	सुर्यनगर अर्जुन सुवेदीको घरदेखी जंगल जाने बाटो ग्राभेल उ.स.	एक्का इन्टरप्राइजेज	५,९०,८००
४७।०७७।१२।२५	पक्कि नाला निर्माण तथा माटो फिलिङ्ग उ.स.	चिसापानी सप्लायर्स प्रा.लि.	५,०९,६००
३९७।०७८।०१।१२	पुष्पलाल चोक देखि दक्षिण पश्चिमको वाटो स्तरिकरण उ.स.	एक्का इन्टरप्राइजेज	३,२४,०००
३८।०७७।११।१९	थारु गाँउ वाटो स्तरिकरण वर्दघाट ०४ उ.स.	गोपाल सप्लायर्स	३,०६,०००
६४९।०७८।३।२८	भुताहा बजार ट्रस निर्माण उ.स.	पराजुली सप्लायर्स र नारायणी खनाल ब्लक उधोग	६,५५,२५०
४६।०७८।०२।२४	आम्वास प्राथमिक विधालय भवन निर्माण उ.स.	मोनिका मनिष सिमेन्ट सामाग्री उधोग	४,३५,६००
३९।०७८।०३।२४	कोशेली घर प्रर्दशनी तथा विक्री कक्ष निर्माण उ.स.	एक्का इन्टरप्राइजेज, एन. बी. सप्लायर्स	२,३३,६२५
जम्मा			४२,५४,३७५

132

https://nams.oag.gov.np

२८		२०७८-३-३०	**कार्यसम्पन्न प्रतिवेदन** **नापी किताव / कार्यसम्पन्न प्रतिवेदन :** गो.भौ. १३२।०७८।०३।३० विधालय क्षेत्र विकास कार्यक्रम, कार्यक्रम कार्यान्वयन पुस्तिकामा स्थानीय तहले विधालयमा भए गरेका निर्माण कार्यका कागजातहरु भौतिक सर्वेक्षण फारम, लागत अनुमान, सम्झौता, मूल्याङ्कन प्रतिवेदन, नापी किताव तथा कार्य सम्पन्न प्रतिवेदन प्राविधकवाट गर्न लगाई सम्वन्धित साइट इन्चार्ज, विधालयको प्रधानाध्यापक तथा विधालय व्यवस्थापन समितिका अध्यक्ष वा विधालय निर्माण समितिका अध्यक्ष समेतले प्रमाणित गरी श्रेस्ता तयार गर्नुपर्ने उल्लेख छ । राजा महात्मा पूर्णभद्र मा.वि. लाई कार्य प्रगतिको आधारमा फुकुवा हुने गरी हाललाई सम्वन्धित विधालयको खातामा रोक्का निकाशा गर्ने गरी रु ५२,०३,५८६।०० अनुदान दिएको छ । विधालयमा भवन निर्माणका लागि अनुदान दिएकोमा सो भुक्तानीलाइ पुष्टयाई गर्ने निर्माण कार्यका कागजातहरु (नापी किताव , कार्य सम्पन्न प्रतिवेदन) लेखापरीक्षणका क्रममा पेश भएन । उक्त रकमको कार्य नापी किताव र सम्पन्न प्रतिवदेन पेश हुनु पर्दछ । यस वर्ष (आ.व.२०७७।७८) को अनुदानवाट विगत वर्षमा यस विधालयले गर्नुपर्ने योगदान नगरेको वेरुजु रु ७,५०,०१६।०० कट्टी गरी पालिकाको राजस्व खातामा दाखिला गरेको छ । उक्त रकम गत वर्षकै कार्यमा योगदान हुनुपर्नेमा यस वर्ष कट्टी गर्दा यस वर्षको निकासा/अनुदान रकम घटन जाने देखिन्छ । आ.व.२०७७।७८ को कार्यमा उक्त रकम वरावरको योगदान भएको प्रमाण पेश हुनुपर्ने रु........	५,९५३,६०२
२९			**कभर्डहलमा कोर्ट म्याट खरिद तथा जडान उ.स.**	
२९.१	633	२०७८-३-२७	उपभोक्तावाट खरिद : गो.भौ. ६३३।०७८।०३।२७ सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ९७(१) मा एक करोड रुपैयाँसम्म लागत अनुमान भएको निर्माण कार्य वा सो सम्वन्धि सेवा उपभोक्ता समितिवाट गराउन सक्ने व्यवस्था छ । यस पालिकाले कभर्डहलमा कोर्ट म्याट खरिद तथा जडान गर्ने कार्य उ.स. मार्फत काम गराइ १०,५४,५००।०० भुक्तानी भएको छ । यस्ता सामानहरु खरिद गर्ने कार्य उपभोक्ता मार्फत नगराई प्रतिष्पर्धात्मक तवरवाट खरिद गर्ने तर्फ पालिकाले ध्यान दिनु पर्दछ ।	
२९.२	387	२०७८-३-२८	कार्यक्रमको स्वीकृति : गो.भौ. ३८७।०७८।०३।२८ : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा पालिका सभावाट स्वीकृत गराएर मात्र कार्यक्रम सञ्चालन गर्नुपर्ने व्यवस्था छ । आर्थिक बर्ष २०७७।७८ को लागि सि.नं. ५७९ मा यूवा तथा खेलकुद पूर्वाधार विकासको लागि विनियोजित एकमुष्ट रकम (अवण्डा) रु २५,००,०००।०० मध्येवाट रु ९,००,०००।०० र सि.नं. ५६६ मा कभर्ड हल निर्माण वडा नं. ४ शिर्षकमा विनियोजित रु ३०,००,०००।०० मध्येबाट खर्च भइ वाँकी रहेको रु १,५४,५००।०० समेत जम्मा रु १०,५४,५००।०० विनियोजन गरी उपभोक्ता समिति मार्फत कभर्डहलमा कोर्ट म्याट खरिद तथा जडान गर्ने कार्य भएको छ । सभावाट पारित कार्यक्रमवाट वचत रकम सभावाट पारित नगरी खर्च गरिनु नियम सम्मत भएन रु..	१५४,५००
३०			**पञ्चनगर खानेपानी तथा सरसफाई उपभोक्ता समिति**	
३०.१	509	२०७८-३-८	खानेपानीमा पाइप विस्तार : गो.भौ. ५०९।०७८।०३।०८ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(१) मा लागत	

			अनुमानमा उपभोक्ता समितिले व्यहोर्ने अंश समेत समावेश गर्नुपर्ने व्यवस्था छ । सम्झौता अनुसारको लागत सहभागिता उपभोक्ता स्वयंम वाट योगदान हुनुपर्दछ । यस पालिका र पञ्चनगर खानेपानी तथा सरसफाई उपभोक्ता समिति वीच रु ३०,०९,३८३।४३ को लागतमा मिति २०७७।१२।३० मा खानेपानी लाईन विस्तार कार्य सम्पन्न गर्नेगरी मिति २०७७।०९।२९ मा सम्झौता भएको छ । यस कार्यको लागि कुल लागत मध्ये पालिकाले रु १५,००,०००।०० र उपभोक्ता समितिले रु १५,०९,३८३।४३ योगदान गर्ने गरी सम्झौता भएको छ । खानेपानी पाइप १०८१ र.मी खरिद भई पालिकावाट का लागि रु १५,००,०००।०० भुक्तानी भएको छ । खानेपानी तथा सरसफाई डिभिजन कार्यालयले वोरिङ्ग, ओभरहेड टंकी, पम्प हाउस, कार्यालय भवन, प्रशारण लाइन र वितरण लाईनका लागी खानेपानी पाइप उपलव्ध गराउने र उपभोक्ताले पाइपको खन्ने पूर्ने कार्यको लागि जनश्रमदान गर्ने गरी सम्झौता भएको हुन्छ । खानेपानी तथा सरसफाई डिभिजन कार्यालयको कार्यक्षेत्र भएकोले कार्यलयको समेत यस कार्यका लागि लगानी हुन सक्ने अवस्था रहन्छ । खानेपानी तथा सरसफाई डिभिजन कार्यालयसँग समन्वय नगरी पालिकाले उपभोक्ता मार्फत काम गरेको देखियो यसले गर्दा काममा दोहोरोपन समेत हुन सक्ने देखिन्छ । सम्वन्धित सरकारी निकायसँग समन्वय गरेर मात्र काम गर्ने तर्फ पालिकाले ध्यान दिनु पर्दछ ।	
३०.२			**घटी पाइप जडान :** सार्वजिनक खरिद नियमावली, २०६४ को नियम १२३ उपनियम १ को खण्ड ख बमोजिम नाप जाँच पश्चात नापि कितावमा भएको वास्तविक कार्यसम्पादन परीमाणका आधारमा मात्र खर्च तथा भुक्तानी लेख्न मिल्ने व्याव्यस्था रहेको छ । यस निर्माण कार्यको माटो खन्ने र पूर्ने कार्य १०३० मी. रहेकोमा पाइप खरिद वापत १०८१ र.मी.@रु २६३९।४१ का दरले रु २८,५४,५२०।६२ भुक्तानी भएको छ । खन्ने पूर्ने कार्य भन्दा वढी एचडिपिइ पाइप ५१(225mm 6kg/cm2) र.मी.@रु २६३९।४१ का दरले रु १,३४,६०९।९१ को कम पाइप जडान भएको देखियो । अत: खरिद भएको पाइप जडान भएको प्रमाण पेश हुनुपर्दछ रु..	१३४,६०९
३१			**इन्जिनियरिङ्ग नर्म्स र उपभोक्तालाई भुक्तानी**	
३१.१			**इन्जिनियरिङ्ग नर्म्स र उपभोक्ता विलको सामञ्जस्यता :** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने ब्यवस्था रहेको छ । नियमावली को नियम ९७.६ मा उपभोक्ता समितिले हरेक किस्ताको कामको प्राविधिक मूल्याङ्कन , विल, भरपाइ, र खर्च प्रमाणित गर्ने अन्य कागजात त्यस्तो समिति बाट अनुमोदन गराई सम्बन्धित सार्वजनिक निकायमा पेश गर्नु पर्ने व्यवस्था छ ।यस पालिकाको नमुना छनोटको आधारमा गरिएका लेखापरीक्षणवाट कतिपय उपभोक्ता समितिले गरेको वास्तविक कामको परिमाण नापी किताव र खर्च प्रमाणित गर्ने कागजात विच मिलान भएको देखिएन ।	१२१,८३८

			उपभोक्ता समितिवाट भएको कामको भुक्तानी गर्दा निर्माण कार्यको लागि सडक कालोपत्रे गर्ने कार्यका लगि प्रयोग भएको प्राइम कोट, टेक कोट, प्रिमिक्स कारपेट, स्याण्ड शिलकालागि विटुमिन को विल र इन्जनियरिङ्ग नम्स अनुसार हुनुपर्ने कामको परिमाण वीच फरक परेको देखियो । नापी किताबको परिमाण र खर्च प्रमाणित गर्ने विल भर्पाइहरु विच सामञ्जस्यता नहुदाँ वास्तविक काम भएको परिमाण समेत एकिन हुन सकेन । यस सम्वन्धमा देखिएको व्यहोरा निम्नानुसार रहेका छन् क. गो.भौ. २८२।०७७।१२।०६ पुष्पलाल चोक देखि बेलहानी चोक सडक कालोपत्रे गर्ने उपभोक्ता समितिले गरेको सडक कालोपत्रे निर्माण कार्यको इन्जिनियरिङ्ग नम्स अनुसार विटुमिन ३४२८.६५७ के.जी. @ रु ८४.६० को रु २,९०,०६४।३८ को काम हुनु पर्नेमा उपभोक्ताले १७७०.८ के. जी वापत रु १,६८,२२६।०० को विटुमिन वापतको विल पेश गरेको छ । इन्जिनियरिङ्ग नम्स भन्दा १६५७.८५७ के. जी अर्थात ४८.३५% घटी विटुमिनको प्रयोगवाट निर्धारित काम मापदण्ड अनुसार शत प्रतिशत भएको छ भन्ने सम्वन्धमा एकिन भएन । कालोपत्रेको गुणस्तर सम्वन्धमा आश्वस्त हुन सकिएन । विटुमिन वापत उपभोक्ताले पेश गरेको विल भन्दा रु १,२१,८३८।३८ वढी भुक्तानी दिएको सम्वन्धित उपभोक्ता समितिवाट असुल हुनु पर्दछ रु	
३१.२	328	२०७७-१२-२३	ख . गो.भौ. ३२८।०७७।१२।२३ दिव्यज्योति मा.वि. दक्षिण तर्फको सडक कालोपत्रे गर्ने उपभोक्ता समितिले गरेको सडक कालोपत्रे निर्माण कार्यको इन्जिनियरिङ्ग नम्स अनुसार विटुमिन २९६३.५०३ के.जी. @ रु ८४.६० को रु २,५०,७१२।३५ को काम हुनु पर्नेमा उपभोक्ताले १००० के. जी वापत रु ८२,०००।०० को विटुमिन वापतको विल पेश गरेको छ । इन्जिनियरिङ्ग नम्स भन्दा १९६३.५०३ के. जी अर्थात ६६.२६% घटी विटुमिनको प्रयोगवाट निर्धारित काम मापदण्ड अनुसार शत प्रतिशत भएको छ भन्ने सम्वन्धमा एकिन भएन । कालोपत्रेको गुणस्तर सम्वन्धमा आश्वस्त हुन सकिएन । विटुमिन वापत उपभोक्ताले पेश गरेको विल भन्दा रु १,६८,७१२।०० वढी भुक्तानी दिएको सम्वन्धित उपभोक्ता समितिवाट असुल हुनु पर्दछ रु	१६८,७१२
३१.३			**उपभोक्ताको अंश :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(१) मा लागत अनुमानमा उपभोक्ता समितिले व्यहोर्ने अंश समेत समावेश गर्नुपर्ने व्यवस्था छ । आइसोलेसन सेन्टर निर्माण चिसापानी उपभोक्ता समितिवाट आइसोलेसन सेन्टर निर्माण कार्यको सम्झौता अनुसार उपभोक्ताको योगदान कुल कामको ४.८३% हुनुपर्ने र पालिकावाट ९५.१६% भुक्तानी हुनुपर्ने अर्थात वास्तविक कामको मूल्याङ्कन रु १९,४०,१५९।५३ को ९५.१६% ले हुने रु १८,४६,२५५।८१ भुक्तानी हुनुपर्नेमा रु १८,८०,३१९।०० भुक्तानी भएकोले उपभोक्ताको अंश रु ३४,०६३।१९ समेत पालिकावाट भुक्तानी भएको छ । अत: वढी भुक्तानी अंश सम्वन्धित उपभोक्ता समितिवाट असुल हुनुपर्ने रु	३४,०६३
३२			**आय ठेक्का व्यवस्थापन**	

https://nams.oag.gov.np

३२.१			असुली गर्न बाँकी आन्तरिक आयः स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ९ वित्तीय अधिकार क्षेत्र अन्र्तगत विभिन्न कर तथा शुल्क लगाउने र आय ठेक्का बापत बक्यौता रकम समेत असुली गर्ने व्यवस्था छ । यस स्थानीय तहले यो वर्ष बन्दोबस्त गरेको मंगलबार पाडा बजार तथा लोडिङ समेतको आन्तरिक आय ठेक्का (1/077/78) दोस्रो बढी अंक कबोल गर्ने श्री दाउन्ने कन्स्ट्रक्सन सँग 31 हप्ताको लागि करसहित रु.38,43,130/- मा सम्झौता भएको पाईयो । सम्झौता अनुसार निजले भ्याट रु.4,42,130/- र पहिलो किस्ता वापतको रकम रु.16,71,761/- दाखिला गरेको छ । बाँकी रकम रु.17,29,239/- मध्ये 11 हप्ता बराबरको रकम रु.12,06,806/- लकडाउनमा सम्झौता अनुसार कार्य नभएकोले छुट दिएको देखिन्छ । सम्झौता अनुसार पहिलो किस्ता र छुटसमेत घटाई बाँकी रु.5,22,433/- हालसम्म पनि असुल भएको नदेखिएकोले निर्माण व्यवसायिबाट असुल गर्नुपर्ने रु.	५२२,४३३
३२.२			**धरौटी जफत गर्नुपर्नेः** रकम र सरकारी ठेक्का बन्दोबस्त ऐन, २०२० को दफा १३ मा टेण्डर दिने वा डाँक दिने वा डाँक बोल्ने व्यक्तिले तोकिए बमोजिमको म्यादभित्र चलन पूर्जी नलिएमा वा पट्टा नउठाएमा निजले राखेको डिपोजिट जफत हुने व्यवस्था छ । कार्यालयले मंगलबार पाडा बजार तथा लोडिङ समेतको आय ठेक्का (1/077/78) मा सबैभन्दा बढी अंक रु.46,33,000/- (करबाहेक) कबोल गर्ने निर्माण व्यवसायी श्री भोलेबाबा कन्स्ट्रक्सन, बर्दघाट लाई चलन पुर्जी लिन पत्राचार गरेकोमा निज सम्झौता गर्न आएको देखिएन । सूचनाको शर्त र ऐनअनुसार चलन पुर्जी लिन नआएको र दोस्रो बढी अंक कबोल गर्नेसँग सम्झौता समेत भईसकेकोले कबोल अंकको 5 प्रतिशतले हुने रु.2,31,650/-धरौटी जफत गरी राजश्व दाखिला गर्नुपर्नेमा धरौटी सदर स्याहा भएको छैन । नियमानुसार चलन पूर्जी लिन नआउने भोलेबाबा कन्स्ट्रक्सनको नाममा रहेको धरौटी जफत र सदरस्याहा गरी राजश्व दाखिला गर्नुपर्ने रु.	२३१,६५०
३३			**कार्यालय संचालन**	
३३.१			दोहोरो सुविधाः लुम्बिनी प्रदेश, स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन, 2076 (पहिलो संसोधन समेत) को दफा ३ (१) मा पदाधिकारी र सदस्यले आफु निर्वाचित भई काम कारवाही शुरु गरेको मितिदेखि अनुसूची बमोजिमको रकममा नबढ्ने गरी सुविधा पाउने उल्लेख छ । यस पालिका वडा नं.15 का वडा सदस्य श्री चन्द्रकला शर्मा जिल्ला समन्वय समितिको सदस्यमा निर्वाचित भएकोमा समेत दोहोरो पर्ने गरी नगरपालिका सदस्य र जिल्ला समन्वय समिति सदस्य दुबैतर्फ सेवा सुविधा उपभोग गरेको पाईयो । ऐनअनुसार जिल्ला समन्वय समितिमा निर्वाचित भएपश्चात नगरपालिकाको प्रतिनिधि नरहने र जनप्रतिनिधिको हैसियतले कुनै बैठकमा उपस्थित भई भत्ता बुझ्न नपाउनुका साथै सुविधा समेत लिने मिल्ने देखिदैन । तसर्थ	२७९,८५०

<table>
<tr><td></td><td></td><td></td><td>जिल्ला समन्वय समितिको सदस्य र नगरपालिकाको समेत सदस्यको रुपमा दोहोरो पर्ने गरी खर्च लेखेको निम्नानुसार पारिश्रमिक, सुविधा तथा बैठक भत्ता समेत रु.2,79,850/- सम्बन्धित बाट असुल गर्नुपर्ने देखिएको रु.
<table>
<tr><td>क्र.सं.</td><td>विवरण</td><td>संख्या</td><td>रकम</td></tr>
<tr><td>1</td><td>2075 श्रावण देखि 2077 आश्विनसम्मको 27 महिनाको तलब</td><td>27*8000</td><td>216000</td></tr>
<tr><td>2</td><td>2077 कार्तिक देखि 2077 माघसम्म 4 महिनाको</td><td>4*11500</td><td>46000</td></tr>
<tr><td>3</td><td>बैठक भत्ता 2077 श्रावण देखि माघसम्म ७ महिनाको</td><td>7*2550</td><td>17850</td></tr>
<tr><td colspan="3">जम्मा</td><td>2,79,850</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>३३.२</td><td></td><td></td><td>नगरपालिकाको मिति 2077/04/07 को निर्णयानुसार पोषण स्वयंसेवकको रुपमा कार्यरत कर्मचारी श्री आशिष दाहालको सेवा करार अवधि मिति 2077/04/01 देखि लागु हुने गरी सेवा म्याद थप नगर्ने निर्णय भएको छ । नगरपालिकाको तलबी भरपाई र तलब पठाएको बैँक विवरण अनुसार निजको रु.16335/- को दरले आश्विनको तलब र चाडपर्व खर्च तथा कार्तिक र मंसिरको तलब गरी रु.65340/- तलब खर्च लेखेको पाईयो । करार अवधि समाप्त भएपश्चात पनि तलब भत्ता खर्च लेखेको रकम सम्बन्धित (आशिष दाहाल) बाट असुल गर्नुपर्ने रु</td><td>६५,३४०</td></tr>
<tr><td>३३.३</td><td></td><td></td><td>लेखापरीक्षणः 541-2077/11/20 र 322-2077/09/24, आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम 39(5) मा सरकारी रकम खर्च गर्दा त्यस्तो रकम खर्च पुष्टि गर्ने बिल भरपाई, प्रमाण र कागजात संलग्न हुनु पर्ने व्यवस्था रहेको छ । नगरपालिकाले निम्नानुसार 6 विद्यालयहरुलाई विद्यालय सहायता शीर्षकमा अनुदान खर्च लेखेकोमा खर्चलाई प्रमाणित गर्ने बिल, भरपाई र अन्य प्रमाणित कागजात स्रेस्तासँग संलग्न रहेको पाईएन । तसर्थ नगरपालिकाले उपरोक्तानुसार विद्यालयहरुलाई दिईएको अनुदान रकम खर्च भएको देखिने प्रमाणित बील, भरपाई, जिन्सी दाखिला प्रतिवेदन र अनुदान रकम आम्दानी देखाई खर्च गरेको लेखापरीक्षण प्रतिवेदन पेश गर्नुपर्ने रु.</td><td>१,०००,०००</td></tr>
</table>

https://nams.oag.gov.np

क्र.सं.	विद्यालयको नाम	रकम
1.	आनन्द आधारभूत विद्यालय	300000
2.	दुर्गा आधारभूत विद्यालय	150000
3.	शिरोमणी प्राथमिक विद्यालय	150000
4.	नव दिव्यज्योती प्राथमिक विद्यालय	150000
5.	आम्बास प्राथमिक विद्यालय	150000
6.	श्री सिद्धज्योती आधारभुत विद्यालय बर्दघाट १६	100000
जम्मा		1000000

३४	183	२०७८-२-१७	**शिक्षक सिकाइ सामग्री अनुदानमा बढी भुक्तानी** शिक्षण सिकाइ सामग्री अनुदान: कार्यक्रम कार्यान्वयन पुस्तिका २०७७/७८ को क्रियाकलाप नं. २.७.१३.३ मा प्रति विद्यार्थी लागतका आधारमा शिक्षण सिकाइ सामग्री अनुदान दिँदा EMIS का आधारमा दिनुपर्दछ । तर पालिकाले विभिन्न विद्यालयलाई EMIS मा भएको विद्यार्थी संख्या भन्दा ज्यादा अनुदान दिएको देखिन्छ । तसर्थ, बढी वितरण भएको अनुदान असूल गर्नुपर्दछ ।	१२३,०५०

विद्यालयको नाम	पूर्व प्रा.वि		१-५		६-८		९-१०		११-१२		जम्मा
	प्रदान	EMIS	प्रदान	EMIS	प्रदान	EMIS	प्रदान	EMIS	प्रदान	EMIS	
सरस्वती मा.वि							१८८	१८३	१३०	८९	११२५०
राजा महात्मा मा.वि					३३३	२७४	३३२	३३०	१०६	६५	२२४५०
शान्ति निकुञ्ज मा.वि	७२	६४	१३३	११७							६४००
वाल्मिकी मा.वि	३८	३१									३५००
दिव्यज्योती मा.वि	२१	१२			४०७	३९९			९२६	७५२	४९६००
ज्ञानज्योती मा.वि	४०	१७					७६	५६			१५५००
दुर्गा आ.वि	८२	७७	१६४	१६०							३१००
नव दिव्यज्योती प्रा.वि	५८	५०									४०००
दाउन्ने देवी प्रा.वि	३८	३१	१५४	१४९							४२५०
मदरसा नुरुल वलुम	१६	१०									३०००
जम्मा											१२३०५०

३५	२२२	२०७८-३-१	**कोभिडका कारण उत्पन्न सिकाई सहजिकरणका लागि स्वास्थ्य सामग्री अनुदानमा बढी भुक्तानी** कोभिडका कारण उत्पन्न सिकाई सहजिकरणका लागि शैक्षिक कार्यक्रम अन्तर्गत स्वास्थ्य सुरक्षा सामग्री व्यवस्थापन (पूर्व प्रा.वि देखि कक्षा १२) अनुदान दिँदा EMIS को विद्यार्थी संख्याका आधारमा दिनुपर्दछ । निम्न विद्यालयलाई EMIS को विद्यार्थी संख्या भन्दा ज्यादा अनुदान दिएकाले सम्वन्धित विद्यालयबाट असुल गर्नुपर्दछ।	७५,०००

विद्यालयको नाम	दिएको	EMIS	दर	रकम
सिद्धज्योती आ.वि	२६८	२५३	२००	३०००
आनन्द आ.वि	२३५	२२४	२००	२२००
दाउन्ने देवी प्रा.वि	१९२	१८०	२००	२४००
सरस्वती मा.वि	७३१	६९६	२००	७०००
दिव्यज्योती मा.वि	१९५१	१७७१	२००	३६०००
वाल्मिकि मा.वि	६१४	६०४	२००	२०००
राजा महात्मा पूर्णभद्र मा.वि	११४४	१०७२	२००	१४४००
ज्ञानज्योती मा.वि	२३५	२०५	२००	४०००
भानु प्रा.वि	७३	५३	२००	४०००
				७५०००

३६	३१५	२०७८-३-२१	**SUG अनुदानमा बढी भुक्तानी** कोभिडका कारण उत्पन्न सिकाई सहजिकरणका लागि शैक्षिक कार्यक्रम अन्तर्गत SUG अनुदान दिँदा EMIS को विद्यार्थी संख्याका आधारमा दिनुपर्दछ । निम्न विद्यालयलाई EMIS को विद्यार्थी संख्या भन्दा ज्यादा अनुदान दिएकाले सम्वन्धित विद्यालयबाट असुल गर्नुपर्दछ।	७७,०००

विद्यालयको नाम	दिएको	EMIS	बढी	दर	रकम
सरस्वती मा.वि	६११	५६३	४८	२५०	१२०००
दिव्यज्योती मा.वि	१७८४	१६४२	१४२	२५०	३५५००
ज्ञानज्योती मा.वि	१७०	१५६	१४	२५०	३५००
राजा महात्मा पूर्णभद्र मा.वि	८८६	७८२	१०४	२५०	२६०००
जम्मा					७७०००

३७

पुस्तकालय, विज्ञान प्रयोगशाला र ICT अनुदान तथा राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम

४,०००,०००

पुस्तकालय, विज्ञान प्रयोगशाला र ICT अनुदान तथा राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम: कार्यक्रम कार्यान्वयन पुस्तिका २०७७/७८ को क्रियाकलाप नं. ९.५ मा माध्यमिक विद्यालयमा पुस्तकालय स्थापना तथा व्यवस्थापन अनुदान दिए पश्चात विद्यालयले खरिद गरेको पुस्तकहरुको सूचि अनिवार्य रुपमा स्थानीय तहमा पेश गर्नुपर्दछ । त्यस्तै, क्रियाकलाप नं. ९.७ मा शिक्षण सिकाइमा ICT को प्रयोगका लागि अनुदान प्राप्त गरेका विद्यालयले नमुना माध्यमिक विद्यालय व्यवस्थापन निर्देशिका, २०७४ को सम्बन्धित खण्ड र अनुसूचिमा भएको आधार तथा स्पेसिफिकेसनको परिधिभित्र रहेर सार्वजनिक खरिद ऐन, नियमावलि तथा विद्यालय खरिद दिग्दर्शन अनुसारका प्रक्रियाहरु पूरा गरी सामग्री खरिद गर्ने र अनुदान प्राप्त विद्यालयले निर्धारित मापदण्ड र प्रक्रिया अनुरुप कार्यान्वयन गरे नगरेको नियमित रुपमा अनुगमन गरी सोको एकप्रति शिक्षा तथा मानव स्रोत विकास केन्द्रमा पनि पठाउनु पर्ने उल्लेख गरेको छ । त्यसैगरी, क्रियाकलाप नं. ९.८ मा माध्यमिक विद्यालयमा विज्ञान प्रयोगशाला अनुदान प्राप्त विद्यालयले नमुना विद्यालउ संचालन निर्देशिका, २०७४ को अनुसूचिमा उल्लेखित मापदण्डका आधारमा विज्ञान प्रयोगशाला व्यवस्थापन गर्ने उल्लेख छ । पालिकाले आफूले अनुदान दिएका विद्यालयबाट पुस्तक, फर्निचर, ICT सामग्री, र विज्ञान सामग्री खरिद गरेको विल तथा अनुदानको उपयुक्त उपयोगको पुष्टि गर्ने तस्विर पनि संलग्न गर्नुपर्दछ । त्यसैगरी क्रियाकलाप नं ११.१.२.१ मा पालिकाले आफू अन्तर्गतका विद्यालयमा हुने भौतिक निर्माणका कार्यहरुमा पालिकाले आफ्ना प्राविधिक मार्फत सुपरीवेक्षण गराउने र कार्यसम्पादन प्रतिवेदन तयार गर्नुपर्दछ। तसर्थ पालिकाले निम्न विद्यालय बाट आवश्यक सम्पूर्ण प्रमाण माग गरी पेश गर्नुपर्दछ ।

<table>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>विद्यालयको नाम</td><td>अनुदानको प्रकार</td><td>रकम</td></tr>
<tr><td>अखण्ड आ.वि</td><td>पुस्तकालय स्थापना</td><td>६५००००</td></tr>
<tr><td>ज्ञानज्योती मा.वि</td><td>विज्ञान प्रयोगशाला</td><td>६५००००</td></tr>
<tr><td>शान्ति निकुञ्ज मा.वि</td><td>खानेपानी सहितको शौचालय</td><td>७०००००</td></tr>
<tr><td>शुक्र प्रा.वि</td><td>खानेपानी सहितको शौचालय</td><td>७०००००</td></tr>
<tr><td>नवजीवन मा.वि</td><td>सिकाइ सामग्री उपलब्धी अभिवृद्धि</td><td>६५००००</td></tr>
<tr><td>शान्ति निकुञ्ज मा.वि</td><td>कम्प्यूटर ल्याब स्थापना</td><td>६५००००</td></tr>
<tr><td colspan="2">जम्मा</td><td>४००००००</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>३८</td><td>182</td><td>२०७८-२-१७</td><td>दलित तथा छात्रा छात्रवृत्ति
दलित तथा छात्रा छात्रवृत्ति: कार्यक्रम कार्यान्वयन पुस्तिका २०७७/७८ को क्रियाकलाप नं. ४.२ मा गैरआवासीय छात्रवृत्ति वितरण गर्दा IEMIS मा प्रविष्ट तथ्याङ्कलाई सम्बन्धित विद्यालयबाट कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन गराई शिक्षा अधिकृतबाट प्रमाणित गरी सोका आधारमा विद्यालयहरुलाई छात्रवृत्ति अनुदान प्रदान गर्नुपर्दछ । छात्रा छात्रवृत्ति अन्तर्गत पालिका भित्रका सामुदायिक विद्यालयहरुलाई IEMIS मा उल्लिखित भन्दा बढी प्रदान गरिएकाले बढी भुक्तानी भएको रकम असूल गर्नुपर्ने</td><td>२६,३००</td></tr>
</table>

विद्यालयको नाम	भुक्तानी	EMIS/ भरपाई	बढी
पशुपति आ.वि	१०१	९४	२८००
आम्बास प्रा.वि	३०	२५	२०००
दिव्यज्योती मा.वि (दलित छात्र)	६१	५२	४५००
नव जिवन मा.वि (दलित छात्र)	५१	३७	७०००
राजा महात्मा पूर्णभद्र मा.वि (छात्रा)	२६०	२३५	१००००
जम्मा			२६३००

३९

पाठ्यपुस्तक अनुदान

५१०,४४३

पाठ्यपुस्तक अनुदान: कार्यक्रम कार्यान्वयन निर्देशिका २०७७/७८ को सि.नं. ३.१ अनुसार एकिन संख्याका आधारमा दोश्रो चौमासिक भित्र विद्यालयहरुलाई अनुदान दिनुपर्दछ । यसरी अनुदान दिँदा पहिलो पटकमा विद्यार्थी संख्याको ७५ प्रतिशतलाई मात्र अनुदान दिने र त्यसपछि २०७८ बैशाखबाट शुरु हुने शैक्षिक सत्रको विद्यार्थी भर्नाको विवरण, पाठ्यपुस्तक खरीद र वितरण गरेको विवरणका आधारमा संख्या एकिन गरी नपुग हुने रकम मात्र थप अनुदान दिने व्यवस्था उल्लेख छ । कार्यालयले निर्देशिका विपरित विद्यालयको मागको आधारमा विद्यालयलाई एकमुष्ट अनुदान उपलव्ध गराएको छ । विद्यार्थीको प्रमाणित कागजातका आधारमा नपुग रकम एकिन नगरी एकमुष्ट रकम निकासा पठाएकोले निर्देशिका विपरीत पठाएको पाठ्यपुस्तकको रकम वरावर विद्यार्थीले पाठ्यपुस्तक पाएको एकिन हुन सक्दैन । अत: निर्देशिका वमोजिम सुरुमा ७५ प्रतिशत तथा EMIS विवरणको आधारमा कागजात प्रमाणित गरी थप २५ प्रतिशत रकम निकासा गर्नुपर्दछ । पालिकाले विद्यालयहरु संग पाठ्यपुस्तक खरिदको विल र वितरण गरेको भरपाईका आधारमा विद्यालयसंग बढी भएको निकासा फिर्ता माग्नु पर्दछ । पालिकाले निम्न विद्यालयसंग बढी भएको निकासा असूल गरी दाखिला गर्नुपर्दछ ।

विद्यालयको नाम	निकासा	विल	बढी
नित्यानन्द रत्नकुमारी मा.वि	२८०५२९	२५९१०२	२१४२७
गंगा मा.वि	४४१४२९	३८४६१३	५६८१६
सिद्धज्योति आ.वि	१४०२४२	१२४५४५	१५६९७
आनन्द आ.वि	१२१८७८	११७४९६	४३८२
पशुपति आ.वि	८८१२१	७५७९९	१२३२२
भानु आ.वि	२२७०५	१९८४६	२८५९
नवजिवन मा.वि	२४५१०७	२२६२९७	१८८१०
वाल्मिकि मा.वि	३७६७७९	२८४१५१	८९६२८
जयन्ती आ.वि	७२१३१	५४१८६	१७९४५
शान्ति निकुञ्ज मा.वि	३४२९६१	२५५५५३	८७४०८
दाउन्ने देवी मा.वि	५९४७७४	४११६२५	१८३१४९
जम्मा			५१०४४३

४०				**शिक्षक तलव वढी भुक्तानी** शिक्षकको तलब भत्ता शिक्षक किताबखाना बाट पारित तलवी प्रतिवेदन अनुसार खर्च लेख्नुपर्दछ । पालिकाले विभिन्न विद्यालयको शिक्षकहरुलाई पारित तलवी प्रतिवेदन भन्दा बढी ग्रेड भुक्तानी दिएकाले बढी ग्रेड असूल गरि दाखिला गर्नुपर्ने	८२,४९८

नाम	विद्यालय	तह	बढी ग्रेड	रकम	संचयकोष सहित बढी
बल वहादुर पौडेल	राजा महात्मा पूर्णभद्र मा.वि	प्रा.वि तृतिय	१०	८८७०	९७५७
पिताम्वर पौडेल	राजा महात्मा पूर्णभद्र मा.वि	प्रा.वि तृतिय	१०	८८७०	९७५७
ज्योती कुमारी सूर्यवंशी	अखण्ड आ.वि	प्रा.वि तृतिय	५	४४३५	४८७८
शेषकान्त सापकोटा	वाल्मिकी मा.वि	प्रा.वि तृतिय	१६	१४१९२	१५६११
शान्ति रेग्मी	वाल्मिकी मा.वि	प्रा.वि तृतिय	१६	१४१९२	१५६११
भागिरथी चौधरी	जनता आ.वि	प्रा.वि द्बितिय	१३	१२२२०	१३४४२
कृष्ण प्रसाद चापागाई	ज्ञानोदय प्रा.वि	प्रा.वि द्बितिय	१३	१२२२०	१३४४२
जम्मा					८२४९८

४१

आयकर कट्टी नगरेको

आयकर कट्टी नगरेको: आयकर ऐन २०५८ को दफाा ८७(१) वमोजिम प्रत्येक वासिन्दा रोजगारदाताले रोजगारीबाट कुनै कर्मचारी वा कामदारले प्राप्त गरेको आयको गणना गर्दा समावेश गरिने नेपालमा स्रोत भएको कुनै रकम भुक्तानी गर्दा आय कर कट्टी गर्नुपर्नेछ । पालिकाले निम्न कर्मचारीहरुको आयकर कट्टी गर्नुपर्नेमा नगरेकाले असूल गरी दाखिला गर्नुपर्ने

७८,७६७

नाम	वार्षिक आय	आय छुट	आयकर लाग्ने रकम	अन्य छुट	खुद आय	रकम
रमेशचन्द्र न्यौपाने	५४८६५२	४५००००	९८६५२	२५०००	७३६५२	७३६५
प्रकाश आचार्य	५८१०४८	४५००००	१३१०४८	२५०००	१०६०४८	११२०९
विमल घिमिरे	५५९१९५	४५००००	१०९१९५	२५०००	८४१९५	८४१९
शान्ती के.सी	५५९१९५	४५००००	१०९१९५	२५०००	८४१९५	८४१९
माधव ज्ञवाली	५२६४४८	४५००००	७६४४८	२५०००	५१४४८	५१४५
हुम प्रसाद पाण्डेय	५९०७९८	४५००००	१४०७९८	२५०००	११५७९८	१३१६०
लिला बहादुर शर्मा	५६२५४९	४५००००	११२५४९	२५०००	८७५४९	८७५५
मित्तराम बस्याल	५६२५४९	४५००००	११२५४९	२५०००	८७५४९	८७५५
मिना कुमारी श्रेष्ठ	४९८१९९	४५००००	४८१९९	२५०००	२३१९९	२३२०
इन्द्र बहादुर कुवर	५२७२०२	४५००००	७७२०२	२५०००	५२२०२	५२२०
जम्मा						७८७६७

४२ अनुगमन तथा सम्परीक्षण

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ८४ मा बेरुजू फछ्र्यौट गर्ने व्यवस्था रहेको छ ।सोही एनको दफा ८४(२)(घ) मा बेरुजू फछ्र्यौट गर्ने गराउने काम कर्तव्य प्रमुख प्रशासकीय अधिकृतको हुने व्यवस्था छ । यो वर्षको लेखापरीक्षणको क्रममा सम्परीक्षण भई गत बर्षसम्मको बाँकी बेरुजु निम्नानुसार रहेको देखिएको छ ।

गत वर्षसम्मको बेरुजू (A)	**यो वर्ष संपरीक्षण गरिएको बेरुजू** (B)	**गत बर्षसम्मको बाँकी बेरुजू** (C=A-B)
98473000	**18785050**	**79687950**

४३ यस वर्ष फछ्र्यौट भएको वेरुजुको स्थिति निम्नानुसार रहेको छ ।

सि.नं	आ.व.	वेरुजु दफा नं.	वेरुजुको संक्षिप्त व्यहोरा	बेरुजु फछ्र्यौट । सम्परीक्षणको आधार	सम्परीक्षण
१	2076/ 77	6.4	पदाधिकारीहरुले यातायात सुविधा दोहोरो प्रयोग गरेकोले असुल गर्नुपर्ने	वडाअध्यक्ष श्री नरबहादुर चौधरी र वडाअध्यक्ष श्री दया दर्लामीले दाखिला गरेको प्रमाण पेश गरेको ।	216000
२	2076/ 77	12.8	संचार वापत बढी भुक्तानी भएको रकम असुल गर्नुपर्ने	विजय न्यौपाने, राजन भण्डारी र सावित्री भण्डारीले ९००/ -को दरले दाखिला गरेको प्रमाण पेश	2700
३	2076/ 77	12.1.5	सामुदायिक विकास केन्द्रलाई बढी भुक्तानी दिएको असुल गर्नुपर्ने	दाखिला प्रमाण पेश भएकोले संपरीक्षण	18600
४		22.4.1	न्यु सुवेदी स्टोर्सलाई सामान खरिदमा भ्याट बढी भुक्तानी दिएको असुल गर्नुपर्ने	दाखिला प्रमाण पेश भएकोले संपरीक्षण	41950
५		12.6.2	टिकाबहादुर वि.एम लाई चाडपर्व खर्च बढी भुक्तानी भएकोले असुल गर्नुपर्ने	दाखिला प्रमाण पेश भएकोले संपरीक्षण	44900
६		12.4	शुभावती कलवारलाई सामाजिक सुरक्षा भत्ता बढी भुक्तानी भएको असुल गर्नुपर्ने	दाखिला प्रमाण पेश भएकोले संपरीक्षण	2000
7		9.2	आ.व.2076/ 77 नदीजन्य पदार्थको मु.अ.कर र अग्रिम आयकर दाखिला नगरेको	सम्बन्धित राजश्व शीर्षकमा मु.अ.कर दाखिला भएकोले संपरीक्षण	1994350
8		8.10	नदीजन्य पदार्थको अन्तिम किस्ता वापतको रकम दाखिला गर्न बाँकी	विभाज्य कोष खातामा दाखिला भएको भौचर पेश भएकोले संपरीक्षण 1.पुष्पान्जली कन्स्ट्रक्न रु.10600000 2.नव प्रतिभा कन्स्ट्रक्न रु. 5124550	15724550
10	2076/ 77	23	नियमानुसार पेश्की फछ्र्यौट नभएकोले पेश्की फछ्र्यौट गर्नुपर्ने	निम्नानुसार पेश्की फछ्र्यौट भएकोले संपरीक्षण व्यक्तिको नाम – रकम आशिष दाहाल – 150000 चन्द्रकान्त चापागाँई – 100000 चन्द्रकान्त चापागाँई – 120000 सोमनाथ अधिकारी – 170000 प्रेम बहादुर सोमै – 200000 जम्मा – 740000	740000
			जम्मा		18785050

४४

अद्यावधिक वेरुजु

यस पालिकाको २०७६।७७ सम्मको फछ्र्यौट गर्न बाँकी बेरुजुको स्थिति देहायअनुसार रहेको छ ।

गत वर्षसम्मको बाँकी बेरुजू (A)	यो वर्ष संपरीक्षण गरिएको बेरुजू(B)	यो वर्ष कायम बेरुजू(C)	संपरीक्षणबाट कायम बेरुजू(D)	अध्यावधिक बाँकी बेरुजू (E=A-B+C+D)
98473000	18785050	24572240	०	104260190